सञ्चार माध्यमको अध्ययन-अनुगमन प्रतिवेदन, २०८२



प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमिति

२०८२ चैत

प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमिति

श्री बालकृष्ण अधिकारी, सदस्य – प्रेस काउन्सिल नेपाल, संयोजक

श्री विजयराज अधिकारी, सदस्य – प्रेस काउन्सिल नेपाल, सदस्य

श्री शन्तराम बिडारी, सदस्य – प्रेस काउन्सिल नेपाल, सदस्य

श्री दीपक आचार्य प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ, सदस्य

श्री झबिन्द्र भुसाल, मुख्य अधिकृत – प्रेस काउन्सिल नेपाल, सदस्य

श्री दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत– प्रेस काउन्सिल नेपाल, सदस्य

श्री सञ्चिता घिमिरे, शाखा प्रमुख, सचिव

विषयसूची

१. पृष्ठभूमि ५

२. अनुगमनको उद्देश्य ६

३. अनुगमन गरिएका सञ्चारमाध्यम ६

४. अनुगमन टोली ७

५. क) अनुगमन ८

१. रातोपाटी डटकम, ललितपुर ८

२. नेपालखबर डटकम, काठमाडौँ ९

३. नेपालप्रेस डटकम, काठमाडौँ ११

४. अनलाइनखबर डटकम, काठमाडौँ १२

५. सामुदायिक सूचना नेटवर्क (सिआइएन), ललितपुर १३

६. रेडियो मिर्मिरे, काठमाडौँ १५

७. रेडियो थाहा सञ्चार नेटवर्क, काठमाडौँ १६

८. अन्नपूर्णपोष्ट दैनिक, काठमाडौँ १७

९. कारोबार दैनिक, काठमाडौँ १८

१०. मेट्रो एफएम, काठमाडौँ १९

११. नागरिक दैनिक, काठमाडौँ २०

१२. उज्यालो ९० नेटवर्क, ललितपुर २१

१३. देशसञ्चार डटकम, ललितपुर २१

१४. बाह्रखरी डटकम, काठमाडौँ २१

१५. कान्तिपुर टेलिभिजन, काठमाडौँ २२

१६. न्युज ट्वान्टी फोर टेलिभिजन, काठमाडौँ २२

१७. एभीन्युज टेलिभिजन, काठमाडौँ २३

१८. एपीवान टेलिभिजन, काठमाडौँ २३

१९. हिमालय टेलिभिजन, काठमाडौँ २४

२०. इमेज टेलिभिजन, काठमाडौँ २४

२२. सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबिएन) २५

२३. गोरखापत्र दैनिक, काठमाडौँ २६

ख) छलफल २७

ग) सर्वेक्षण ३६

६. सुझाव र निष्कर्ष ४१

७. अनुसूची ४५

- उपसमिति
- तस्बिर
- प्रश्नावली

सञ्चार माध्यमको अध्ययन/अनुगमन

१. पृष्ठभूमि

प्रेस काउन्सिल नेपालद्वारा सम्पादित कार्यहरूमध्ये अनुगमन पनि एक महत्त्वपूर्ण कार्य मानिन्छ । काउन्सिलले समाचार सामग्रीको अनुगमनसँगै बेलाबेलामा सञ्चार माध्यममा प्रत्यक्ष उपस्थिति भई छलफल एवं अनुगमन गर्दै आइरहेको छ । प्रेस काउन्सिल नेपाल, प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिले गठन गरेको मिडिया अनुगमन टोलीले काठमाडौँमा सञ्चालनमा रहेका प्रमुख टेलिभिजन च्यानल, सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबिएन), छापा माध्यम (दैनिक पत्रिका), अनलाइन सञ्चार माध्यम, एफएम रेडियोमा पुगेर आचारसंहिता, प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारका सवालबारे अनुगमन तथा छलफल गरेको छ। प्रेस काउन्सिल नेपालअन्तर्गत प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिको मिति २०८२/०७/२३ गते बसेको बैठकको निर्णयअनुसार उपत्यकामा रहेका केही सञ्चार माध्यम, अनलाइन तथा रेडियोहरूको अनुगमन गर्न योजना अघि बढ्यो। उक्त बैठकले देशको विद्यमान आर्थिक अवस्था, त्यसबाट सञ्चार गृह, सञ्चार माध्यम र श्रमजीवी पत्रकारलाई प्रत्यक्ष पारेको असर, महाभूकम्प, कोभिड र जेन्जी आन्दोलनपश्चात् सञ्चार जगतले भोग्नुपरेको पीडा र त्यसबाट मारमा परेका पत्रकारहरूको गुनासा, श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको अवस्था, सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा स्थलगत रूपमा सञ्चार माध्यममै पुगेर बुझ्ने क्रममा काठमाडौँ उपत्यकाका सञ्चारगृहको अनुगमन गरिएको छ ।

यस्तै नेपाल पत्रकार महासङ्घका केन्द्रीय समिति, प्रदेशका अध्यक्ष, नेपाल पत्रकार महासङ्घका उपत्यका, प्रतिष्ठान र एसोसियट प्रदेशअन्तर्गतका शाखा अध्यक्षहरूसँग कात्तिक २७ र ३० गते काउन्सिलमा भएको छलफललाई समेत समेटिएको छ। साथै तीन सय पत्रकारमा गरिएको सर्वेक्षणबाट प्राप्त प्राथमिक तथ्यलाई आधार बनाएर प्रतिवेदन तयार गरिएको छ । त्यसक्रममा सञ्चारगृहमा कार्यरत पत्रकारलाई सुझाव सङ्कलनार्थ फाराम भराइएको छ । त्यसक्रममा सञ्चार संस्थाको समग्र आर्थिक अवस्था, पत्रकार तथा सञ्चारकर्मीको तलब-सुविधा तथा अन्य पक्षबारे टेलिभिजन सञ्चालक, पत्रकार महासङ्घका शाखा अध्यक्ष तथा प्रतिनिधि, कर्मचारी एवं सम्पादकसँग कुराकानी गरिएको छ। त्यसक्रममा पत्रकारको बिमा तथा सामाजिक सुरक्षालगायतका विषयमा समेत छलफल भएको छ । यस प्रतिवेदन तयार गर्ने क्रममा निम्न तीनवटा विधि अपनाइएको छ :-

क) अनुगमन

छापामाध्यम, रेडियो, टेलिभिजन र अनलाइन सञ्चारमाध्यम गरी काठमाडौँ उपत्यकाभित्र सञ्चालित २२ सञ्चारगृहको अनुगमन गरिएको छ। यसक्रममा काउन्सिलको त्रैमासिक प्रकाशन संहिता जर्नल, पत्रकार आचारसंहिता-२०७३ (पहिलो संशोधन, २०७६) र

यसअन्तर्गतका चार निर्देशिकाका साथै पत्रकार आचारसंहिता अङ्कित फ्लेक्स बोर्डसमेत वितरण गरिएको छ।

ख) सर्वेक्षण

प्रेस काउन्सिल नेपालद्वारा काठमाडौँ उपत्यकाभित्र र बाहिर आयोजित कार्यक्रममा सहभागी तीनसय पत्रकारलाई ११ प्रश्नसहित पत्रकार आचारसंहितको पालना, प्रेस स्वतन्त्रताको अवस्था, श्रमजीवी पत्रकार ऐन कार्यान्वयनसहितका प्रश्नावली भराइएको छ । ११ प्रश्नमध्ये ९ वटा बन्द र २ वटा खुला प्रश्न छन् ।

ग) छलफल

नेपाल पत्रकार महासंघका पूर्वसभापति तथा अध्यक्ष, नेपाल पत्रकार महासंघको केन्द्रीय समिति तथा प्रदेश अध्यक्षहरू र काठमाडौँ उपत्यकाभित्र रहेका नेपाल पत्रकार महासंघको उपत्यका, प्रतिष्ठान र एसोसियट प्रदेशका शाखा अध्यक्षहरूसँग फरक फरक मितिमा छलफल गरिएको छ ।

२. अनुगमनको उद्देश्य

- समग्रमा सञ्चार माध्यमको अवस्था पत्ता लगाउनु
- समग्रमा सञ्चार माध्यमको अवस्थाका बारेमा सरकार र सरोकारवाला पक्षलाई जानकारी दिनु
- श्रमजीवी पत्रकार र व्यवस्थापनलाई अभिभावकीय संस्थाको अनुभूति दिलाउनु
- श्रमजीवी पत्रकार ऐन लागु भए/नभएको पत्ता लगाउनु
- पत्रकारहरू सामाजिक सुरक्षा कोषमा आवद्ध भए/नभएको पत्ता लगाउनु
- पत्रकार आचारसंहिता पालनाको अवस्था पत्ता लगाउनु
- प्रेस स्वतन्त्रताको अवस्था पत्ता लगाउनु
- जनशक्ति (पत्रकार र सञ्चारकर्मी)को विगत र वर्तमान अवस्था पत्ता लगाउनु
- विज्ञापन आय/व्ययको अवस्था पत्ता लगाउनु
- पारिश्रमिक नियमित भए/नभएको पत्ता लगाउनु
- स्वास्थ्य बिमा र सामाजिक सुरक्षासहित भावी योजनाको खोजी गर्नु
- काउन्सिलको नीति, कार्यविधि र कार्यक्रम तय गर्न नवीनतम् तथ्य पत्ता लगाउनु

३. अनुगमन गरिएका सञ्चार माध्यम

टेलिभिजनतर्फ

१. कान्तिपुर टेलिभिजन
२. इमेज टेलिभिजन
३. न्युज २४ टेलिभिजन
४. एपीवान टेलिभिजन

५. हिमालयन टेलिभिजन

६. एभिन्यूज टेलिभिजन

७. सार्वजनिक सेवा प्रसारण नेपाल

<u>पत्रपत्रिका (दैनिक)तर्फ</u>

८. नागरिक दैनिक

९. कारोबार दैनिक

१०. अन्नपूर्ण पोष्ट दैनिक

११. गोरखापत्र दैनिक

<u>अनलाइनतर्फ</u>

१२. रातोपाटी डटकम

१३. नेपालखबर डटकम

१४. अनलाइनखबर डटकम

१५. नेपाल प्रेस डटकम

१६. देश सञ्चार डटकम

१७. बाह्रखरी डटकम

१८. थाहा सञ्चार डटकम

<u>रेडियोतर्फ</u>

१९. मेट्रो एफएम

२०. रेडियो थाहा

२१. रेडियो मिर्मिरे

२२. उज्यालो ९० नेटर्वक

२३. सामुदायिक सूचना नेटवर्क (सिआइएन)

४. अनुगमन टोली

अनुगमनको लागि बढीमा दुईजना सदस्य, एक जनासम्म अधिकृत कर्मचारी र अरु सहायकस्तरका कर्मचारी गरी चारदेखि पाँचजनासम्मको टोली अनुगमनमा सहभागि भएको छ । एकदिनमा एकदेखि चार वटासम्म सञ्चार माध्यम अनुमगन गरिएको छ । यो अनुगमन गर्दा विभिन्न कार्यदिन गरी निम्नानुसार सदस्य र कर्मचारीको सहभागिता रहेको छ ।

१. श्री बालकृष्ण अधिकारी, सदस्य - प्रेस काउन्सिल नेपाल (प्रेस स्वतन्त्रता तथा श्रमजीवी हित प्रवर्द्धन उपसमिति, संयोजक)

२. श्री विजयराज अधिकारी, सदस्य - प्रेस काउन्सिल नेपाल (प्रेस स्वतन्त्रता तथा श्रमजीवी हित प्रवर्द्धन उपसमिति, सदस्य)

३. श्री शन्तराम विडारी, सदस्य- प्रेस काउन्सिल नेपाल (प्रेस स्वतन्त्रता तथा श्रमजीवी हित प्रवर्द्धन उपसमिति, सदस्य)
४. श्री नकुल अर्याल, सदस्य - प्रेस काउन्सिल नेपाल
५. श्री झविन्द्र भुसाल, मुख्य अधिकृत- प्रेस काउन्सिल नेपाल(प्रेस स्वतन्त्रता तथा श्रमजीवी हित प्रवर्द्धन उपसमिति, सदस्य)
६. श्री दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत- प्रेस काउन्सिल नेपाल (प्रेस स्वतन्त्रता तथा श्रमजीवी हित प्रवर्द्धन उपसमिति, सदस्य)
७. श्री रामशरण बोहरा, सहप्रशासकीय अधिकृत - प्रेस काउन्सिल नेपाल
८. श्री विष्णु शर्मा लम्साल, शाखा अधिकृत - प्रेस काउन्सिल नेपाल
९. श्री सञ्चिता घिमिरे, अनुगमन अधिकृत- प्रेस काउन्सिल नेपाल
१०. श्री महेन्द्रराज सिंह, अनुगमन अधिकृत- प्रेस काउन्सिल नेपाल
११. श्री सबिता बानियाँ, कम्प्युटर अपरेटर - प्रेस काउन्सिल नेपाल
१२. श्री लक्ष्मी पौडेल, मिडिया अनुगमनकर्ता - प्रेस काउन्सिल नेपाल
१३. श्री सुजन महर्जन मिडिया, अनुगमनकर्ता - प्रेस काउन्सिल नेपाल
१४. श्री शान्त भुसाल, सहायकस्तर चौथो - प्रेस काउन्सिल नेपाल

५. क) अनुगमन

प्रेस काउन्सिल नेपाल, प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिले गठन गरेको मिडिया अनुगमन टोलीले काठमाडौँमा सञ्चालनमा रहेका टेलिभिजन च्यानल, छापा (दैनिक पत्रिका), अनलाइन र रेडियोमा पुगेर आचारसंहिता, प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारका सवालबारे विभिन्न मितिमा अनुगमन तथा छलफल गरेको छ।

१. रातोपाटी डटकम (२०८२।८।२३)

रातोपाटी डटकममा स्थलगत अनुगमन गरेको छ । रातोपाटी अनलाइनमा राजकुमार सिग्देल, उप-सम्पादक, अमृत चिमरिया रिपोर्टर, खेम रिसाल, फणीन्द्र नेपाल समाचार सम्पादक, शङ्कर अर्याल अर्थब्यूरो प्रमुख, तथा सम्पादक सञ्चालक तथा कार्यरत पत्रकार कर्मचारीसँग भएको छलफलमा उठेका विषयहरू यस्ता छन् । प्रेस काउन्सिल नेपालले बेला-बेलामा सञ्चार माध्यमहरूको अनुगमन गर्ने गरेको भए पनि पर्याप्त नभएको बताउँदै यो कार्यलाई उपत्यका र उपत्यका बाहिरका समेत तीव्रता दिनुपर्ने । रातोपाटी अनलाइनमा ७५ जना पत्रकार कार्यरत रहेको, जसमध्ये ७३ जना पुरुष र २ जना महिला कार्यरत रहेको । सामाजिक सुरक्षाका सम्बन्धमा ***नागरिक लगानी कोषमा जम्मा गर्ने गरिएको बताउँदै सामाजिक सुरक्षा कोषबारे सरकारले सञ्चार माध्यमहरूलाई अनिवार्य रूपमा लागु गरे जान तयार रहेको ।***

पत्रकारहरूको छवि दिनप्रतिदिन धमिलिँदै गएको । सोसल मिडिया चलाउनेहरू सबै पत्रकार हुन् भन्ने भ्रमले गर्दा समेत वास्तविक पत्रकार/रिपोर्टरलाई समस्या परेको । अब

को पत्रकार हो, होइन छुट्टाउन जरुरी रहेको । पत्रकारको विषयमा प्रेस काउन्सिल नेपालले नियमन कार्य अझ सशक्त बनाउनुपर्ने । पत्रकारलाई बेला-बेलामा साइबर क्राइमको नाममा दुःख दिने गरेको । काउन्सिलबाटै स्पष्ट जवाफको आग्रह ।

प्रेस काउन्सिलसँग मिडिया किन डराउँदैन भन्ने प्रसङ्ग कोट्याउँदै प्रेस काउन्सिलको प्रभावकारिता शून्यमा झरेको हो ? भन्दै प्रश्न सोधिएको थियो त्यस्तै हेडलाइन, फोटोसहित कपिपेष्ट राख्नेलाई काउन्सिलले के गर्छ ? हामी पत्रकारहरू पनि मूलधारको मिडिया हौँ भन्दै हिँड्छौ तर मेहनत गर्ने पत्रकारको अस्तित्व दिनप्रतिदिन हराउँदै गएको बताइएको थियो ।

प्रेस काउन्सिल नेपालको तर्फबाट सदस्य शन्तराम बिडारी, दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नुभएको थियो । प्रेस काउन्सिलले मूलतः पत्रकार आचारसंहिता कार्यान्वयनको अवस्थाको बारेमा अनुगमन गर्ने गरेको छ । श्रमजीवी पत्रकारको अवस्था कस्तो छ भन्ने विषयले समेत पत्रकार आचारसंहिता पालना गर्ने कार्यमा सघाउ पुर्याउने छ । यसै कार्यको निरन्तरता स्वरूप हामीले विभिन्न सञ्चार माध्यमहरूको अनुगमन गर्दै आइरहेको छौँ । यसको लागि प्रेस काउन्सिल बोर्ड बैठकले ३ वटा छुट्टाछुट्टै फोकल पर्सन तोकेको छ । अब काउन्सिल अझ थप सशक्त भई कार्य गर्नेछ ।

काउन्सिलले पहिला जवाफ माग्छ अनि ताकेता, पुनः ताकेता गरेपछि मात्र स्पष्टीकरण सोध्छ अनि अवज्ञाकारीको सूचिमा राख्छ र अन्तिममा कालोसूचिमा राख्न पत्राचार गर्ने गरेको छ । साथै काउन्सिलले कहिल्यै पूर्वाग्रही नहुने । समाचार र फोटोहरू चोरीको विषयमा काउन्सिलमा तुरुन्त पत्राचार गर्नु होला । साइबरमा पत्रकार जान नपरोस् भन्ने हिसाबले काम गरिरहेका छौं ।

२. नेपालखबर डटकम (२०८२।८।२३)

नेपाल खबर अनलाइनमा पूर्ण बस्नेत, सम्पादक, जनार्दन पोखरेल, उपसम्पादक डेस्क, सागर न्यौपाने, राजनीतिक विट, प्रज्ञा तिम्सिना, रिपोर्टर स्वास्थ्य विट, कृष्ण ढुङ्गाना, समाचार प्रमुख, आयुषा ढकाल, रिपोर्टर (जेन्जी बिट), प्रज्ञा तिम्सिना रिपोर्टर तथा सम्पादक सञ्चालक तथा कार्यरत पत्रकार कर्मचारीसँग भएको छलफलमा उठेका विषयहरू यस्ता छन् ।

नेपाल खबर अनलाइन १० वर्षदेखि सञ्चालन हुँदै आएको । अहिले अधिकांश सञ्चार माध्यम विशेषगरी अनलाइनहरूमा कपिपेष्ट धेरै देखिएको छ, त्यसलाई काउन्सिलले कसरी हेरिरहेको छ ? कुनै समाचार १५ दिन लगाएर कार्य गरी अनलाइनमा प्रकाशन गर्छौँ तर त्यसै समाचारलाई तुरुन्तै अर्को अनलाइनले कपिपेष्ट गरी तुरुन्तै प्रकाशन गर्दछ। यस्ता कार्यलाई निरुत्साहित गर्न काउन्सिलले के गर्न सक्छ, त्यसतर्फ प्रेस काउन्सिलको ध्यान पु¥याउन अनुरोध । युट्युब च्यानललाई मिडिया मान्ने हो कि होइन

सरकारले स्पष्ट गर्नुपर्ने । अनलाइन/युट्युबहरूलाई प्रेस काउन्सिलले कसरी अनुगमन/नियमन गरिरहेको छ त ?

फेसबुक पेजलाई दर्ता गर्ने कि नगर्ने ? प्रेस काउन्सिल नेपालले बेलाबेलामा यसरी नै अनुगमन गर्न सुझाव । प्रेस फ्रिडमको लागि प्रेस काउन्सिलले गरेको कार्यको प्रशंसा गर्दै नियामक निकायले गर्नुपर्ने कार्य काउन्सिलले गरेको । अनलाइन सञ्चार माध्यमको बजार सन्तोषजनक नै रहेको । जेन्जी आन्दोलनपश्चात् अलि गाह्रो भइरहेको । नेपालखबर अनलाइनमा ४२ जना कर्मचारी रहेको र तीमध्ये आधा पुरुष र आधा महिला रहेको । कर्मचारीलाई सामाजिक सुरक्षा कोषमा जाने प्रक्रियामा रहेका छौं । अहिले हामीले जेन्जीको विट स्थापना । कपिपेष्टको विषयमा सञ्चार मन्त्रीसँग बसेर भए पनि चाँडै नै काउन्सिलले केही नीति नियम ल्याउनु आवश्यक छ।

रिपोर्टरले ल्याएको कुरालाई डेस्कमा बसेर हामीले पब्लिक गर्ने कार्य गर्ने हो । नेपाल खबरमा सजिलो तरिकाले कार्य गर्न पाइएको छ । हाम्रो अनलाइन प्रकाशन गरेको सामग्रीहरू अन्य अनलाइनले समेत प्रकाशन गर्ने गरेका छन् । यस्ता कार्यलाई काउन्सिलले ध्यान दिनुपर्ने । प्रेस काउन्सिलले भन्दा बढी पत्रकार आचारसंहिताको पालना आफूले गरेका । संविधानले दिएको अधिकार सूचनाको हकको अधिकारको बारेमा काउन्सिलले के गर्न सक्छ भन्दै मन्त्रालय, कार्यालयबाट सूचना पाउन गाह्रो भइरहेको छ। त्यस सन्दर्भमा काउन्सिलले के गर्न सक्छ भन्दै प्रेस काउन्सिलले सूचनाको हकअनुसार सूचना उपलब्ध गराउन सरकारलाई झक्झकाउन समेत अनुरोध । नेपाल खबरको संरचना ठुलो भएको । आफूहरू समाचारको हिसाबमा पूर्वाग्रही (वायस) कहिल्यै नभएको तर, प्रेस काउन्सिलबाट अनावश्यक पत्र काटेकाकाट्यै छ । अर्कोतर्फ प्रमाणको आधारमा लेख्दा पनि धम्की आउने पत्रकारितालाई व्यावसायिकताको रूपमा लिई कार्य गरिहरेका छौं । पत्रकारितालाई युनिभर्सिटीको रूपमा लिएका छौं ।

प्रेस काउन्सिल भनेको हाम्रो अभिभावकको रूपमा बुझेका छौं । प्रेस काउन्सिलसँग हामीले दोहोरो सम्बन्ध राख्न पाउनु राम्रो कुरा रहेको ।

नेपाल खबर अनलाइनमा हामीले हेर्ने बिटमा सेन्सरसीप हुँदैन, स्वतन्त्र रूपमा कार्य गर्न पाइएको छ । अहिले पत्रकारिता पेसा राज्यतर्फ र आम नागरिक दुवैतर्फको पेलानको बिच गुज्रिरहेकोले स्वास्थ्य, स्वच्छ र मर्यादित पत्रकारिताको अवस्थामा धेरै चुनौती विद्यमान रहेको ।

पत्रकार आचारसंहिता समयअनुसार अपडेट गर्नुपर्ने। जेन्जीले पत्रकारहरूलाई राम्रो व्यवहार गरेको पाएको । पत्रकारहरूले जेन्जीलाई भन्दा राजनीतिक पार्टीहरूलाई महत्वका साथ समाचारमा स्थान दिइएको । सत्य, तथ्य र निष्पक्ष पत्रकारिताको मार्गमा सबैलाई डिँड्न आग्रह । प्रेस काउन्सिल नेपालले पनि पत्रकार आचारसंहितालाई पूर्वाग्रही नभईकन कामकारबाही गर्न पर्छ ।

प्रेस काउन्सिल नेपाल**को **तर्फबाट सदस्य विजयराज अधिकारी, दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नुभएको थियो । प्रेस काउन्सिल नेपालले अनुगमनको कार्यलाई निरन्तर दिँदै आइरहेको छ । यसै सिलसिलामा काउन्सिलले उपत्यकामा रहेका सञ्चार माध्यमहरूको अनुगमन गर्ने क्रममा यसअघि टेलिभिजनहरूको अनुगमन कार्य सम्पन्न गरेको छ । प्रेस काउन्सिल नेपालले पत्रकार तथा सञ्चार माध्यमहरूको अभिभावकीय भूमिका निर्वाह गर्दै कार्य गरेको छ ।

प्रेस काउन्सिल नेपालले पत्र मात्र काट्छ भन्ने धेरैजसो पत्रकारलाई परेको छ । काउन्सिलले आचारसंहिताको बारेमा जागरूक गराउनुका अतिरिक्त पत्रकारहरूको जीवनमा आइपर्ने दुःखसुखका बेलामा समेत टेवा पुर्याउने काम गर्दै आइरहेको छ । जसअन्तर्गत प्रेस काउन्सिलले मिडिया विकास कोषअन्तर्गत बिरामी तथा अन्य दैविक तथा प्राकृतिक प्रकोपका बेलामा औषधी उपचार, उपकरण खरिद तथा अनुदान लगायतका पत्रकार हितको लागि कार्य निरन्तर रूपमा गर्दै आइरहेको छ । त्यति मात्र होइन प्रेस काउन्सिलले पत्रकारसँग प्रत्यक्ष सरोकार राख्ने मुद्दाहरूका सवालमा स्पष्टताका लागि र सम्बन्धित मिडिया हाउसमा पुगी कार्यस्थलमा रहेका पत्रकारको अवस्था, मिडिया हाउसको अवस्थाका बारेमा बुझ्ने काम समेत गरिरहेको छ ।

३. नेपालप्रेस डटकम (२०८२।८।२३)

नेपाल प्रेस अनलाइनमा चिरञ्जीवी पौडेल सम्पादक, श्यामकृष्ण दाहाल, उपसम्पादक, केशव भुल, वरिष्ठ सम्वाददाता, रिता राउत, अर्थ विट, राजाराम न्यौपाने, वरिष्ठ सम्वाददाता सम्पादक सञ्चालक तथा कार्यरत पत्रकार कर्मचारीसँग भएको छलफलमा उठेका विषयहरू यस्ता छन् ।

प्रेस काउन्सिल नेपाल हाम्रो अभिभावक हो । समय समयमा पत्राचार हुँदा सचेत भइरहेकै छ । जुन सरकार हुन्छ, त्यही सरकारको बफादार भएजस्तो लाग्ने प्रेस काउन्सिल निष्पक्ष भए हुने जस्तो लाग्दछ । प्रेस काउन्सिलले चिठी मात्र काट्ने होइन, मिडियालाई समस्या पर्दा काउन्सिलले के गर्छ, काउन्सिलको भूमिका के ? नेपाल प्रेसले पत्रकारहरूको सेवा सुविधाका विषयमा क्रमशः सुधार गर्दै गइरहेको छ ।

प्रेस काउन्सिलले फेसबुकलगायत अन्य सञ्चार माध्यमलाई दर्ताको दायरामा ल्याउनुपर्ने । ***हाम्रो गल्ती कमजोरीलाई सजिलैसँग क्षमा माग्ने गरेका छौँ ।*** प्रेस काउन्सिलले पुरस्कारको सम्बन्धमा आवेदन माग्ने गरेकोमा काउन्सिललाई धन्यवाद । जेन्जी आन्दोलनको मिडिया हाउस धराशायी भएको सम्बन्धमा काउन्सिलको धारणा के छ ? यहाँ कार्यरत पत्रकारलाई ***सामाजिक सुरक्षा कोषमा आबद्धता गराउने प्रक्रियामा लागिएको।***

मिडिया हाउस कसरी दिगो हुन्छ भन्ने सम्बन्धमा काउन्सिलले ध्यान दिनुपर्यो । काउन्सिलले पत्र मात्र काट्ने मात्र होइन, मिडिया हाउसलाई राम्रो कसरी बनाउन सकिन्छ भन्ने योजनासहितको सुझाव सम्बन्धमा पनि कार्य गर्नुपर्यो । काउन्सिलले बजारमा

चलेका पत्रकारलाई पनि बोलाएर कार्यक्रम गर्नुपर्यो । काउन्सिलले ***पुरस्कारको विषयमा राजनीतिकरणको अन्त्य गर्नुपर्यो ।*** छानेर पुरस्कार दिन भएन । पत्रकारलाई बोलाएर छलफल गर्नुपर्यो ।

प्रेस काउन्सिल नेपालको तर्फबाट सदस्य विजयराज अधिकारी, दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नुभएको थियो ।

नेपाली मिडियाको अवस्थाबारे बुझ्न प्रेस काउन्सिल नेपालले केही अनलाइन मिडियाहरूको अवस्थाका बारेमा पत्रकारको समस्याका सम्बन्धमा मिडिया हाउसको सम्बन्धमा जानकारी लिने उद्देश्यले आएका छौँ । तपाईंहरूबाट आएका विषयहरूमा काउन्सिलको बैठकमा छलफल हुने छ । मिडियाहरूले भ्युज बढाउन मात्र न्युजहरू बनाउन नहुने । नेपाली मिडियालाई कसरी स्वस्थ्य तरिकाले कार्य गर्ने वातावरण कसरी बनाउन सकिन्छ काउन्सिल बोर्डमा छलफल गर्ने ।

जेन्जी आन्दोलनपश्चात् सञ्चार जगतले भोग्नुपरेको पीडा र त्यसबाट मारमा परेका पत्रकारहरूको गुनासा श्रमजीवी पत्रकार ऐन कार्यान्वयनको स्थिति, सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा स्थलगत रूपमा सञ्चार माध्यममै पुगेर बुझ्ने क्रममा आचारसंहिता अनुगमन, सम्बन्धित उपसमितिमा छलफल भई यहाँहरूको धारणा बुझ्ने प्रयास । प्रेस काउन्सिलले पत्रकारसँग प्रत्यक्ष सरोकार राख्ने मुद्दाहरूका सवालमा स्पष्टताका लागि र सम्बन्धित मिडिया हाउसमा पुगी कार्यस्थलमा रहेका पत्रकारको अवस्था, मिडिया हाउसको अवस्थाका बारेमा बुझ्ने काम गरिरहेको छ ।

४. अनलाइनखबर डटकम (२०८२।८।२५)

अनलाइनखबरमा धर्म भुसाल र वसन्त बस्नेत, प्रधान सम्पादक, सम्पादक सञ्चालक तथा कार्यरत पत्रकार कर्मचारीसँग भएको छलफलमा उठेका विषयहरू यस्ता छन् ।

अनलाइनखबरका प्रधानसम्पादक वसन्त बस्नेतले अहिले अनलाइन चलाउन धेरै गाह्रो छ। हाम्रो प्रतिरक्षामा पनि लगानी बढाउनुपर्ने भयो । यहाँ कार्यरत ***पत्रकारलाई ५० हजारभन्दा माथि तलब दिइरहेका छौँ । विज्ञापनहरूमा दिनप्रतिदिन कमी हुँदैछ।*** यही अवस्थामा अनलाइनखबर चलाउन धेरै गाह्रो हुँदै गएको छ । अनलाइनखबरलाई कसरी खत्तम गर्न सकिन्छ भन्न एउटा तत्त्व लागिरहेको छ, हामी अहिले युद्धग्रस्त क्षेत्रबाट गुज्रेजस्तो भएको छौँ । अनलाइनखबरमा दिनप्रतिदिन विज्ञापन घट्दो अवस्थामा छ।कोभिडको बेलामा समस्यामा परेको अनलाइनखबरलाई जेन्जी आन्दोलनले पनि सामान्य असर पारेको छ । हाम्रो लागि प्रमुख संस्था काउन्सिल नै हो । काउन्सिलप्रति हामी सकारात्मक नै छौँ । जेन्जी आन्दोलनले गर्दा हाम्रो आर्थिक अवस्था केही भत्केको अवस्थाजस्तो छ । यस वर्ष त पारिश्रमिक तलब भुक्तानी दिन नसक्ने अवस्थामा पुगेको छ । सामाजिक सुरक्षामा जानको लागि हामीले केही समस्या झेल्नुपरेको छ ।

श्रमजीवी पत्रकार ऐन र सामाजिक सुरक्षा कोषमा भएको व्यवस्था मेल खाने छैन । मिडियाले श्रम ऐन मान्ने कि श्रमजीवी पत्रकार ऐन मान्ने यी दुवैमा नै समस्या छ ।

श्रम ऐनअनुसार न्यूनतम पारिश्रमिक तोकेअनुसार सामाजिक सुरक्षा कोषमा जाने हो भने हामी तयार छौँ । श्रमजीवी पत्रकार ऐन खारेज भएमा हामीलाई सामाजिक सुरक्षा कोषमा जान कुनै समस्या छैन ।

काठमाडौँमा ७५ जना पत्रकार कार्यरत छन् भने यसमा करिब २० प्रतिशत महिला पत्रकार कार्यरत छन् । समग्रमा हेर्दा मिडिया चलाउन धेरै गाह्रो अवस्था छ । यही अनलाइनबाट केही गल्ती भएको छ भने प्रेस काउन्सिलले पहिला नै सिधै पत्र काट्नुभन्दा टेलिफोनबाट जानकारी दिएमा हामी सच्याउन तयार छौँ ।

प्रेस काउन्सिल नेपालको तर्फबाट सदस्य विजयराज अधिकारी, दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नुभएको थियो ।

प्रेस काउन्सिल ऐनले दिएको अधिकार प्रयोग गरी काउन्सिलले कार्य गर्दैआइरहेको छ । नेपाली मिडियाको अवस्थाबारे बुझ्न प्रेस काउन्सिल नेपालले केही अनलाइन मिडियाहरूको अवस्थाका बारेमा पत्रकारको समस्याका सम्बन्धमा मिडिया हाउसको सम्बन्धमा जानकारी लिने उद्देश्यले हामीहरू आएका छौँ । प्रेस काउन्सिल पत्रकार हकहितको विषयमा कार्य गरिरहेको छ ।

सञ्चार जगतले भोग्नुपरेको पीडा र त्यसबाट मारमा परेका पत्रकारहरूको गुनासा श्रमजीवी पत्रकार ऐन लागु, सामाजिक सुरक्षा कोषमा आबद्धता सम्बन्धमा स्थलगत रूपमा सञ्चार माध्यममै आएको । काउन्सिलले पत्रकारसँग प्रत्यक्ष सरोकार राख्ने मुद्दाहरूका सवालमा स्पष्टताका लागि र सम्बन्धित मिडिया हाउसमा पुगी कार्यस्थलमा रहेका पत्रकारको अवस्था, मिडिया हाउसको अवस्थाका बारेमा बुझ्ने काम गरिरहेको ।

५. सामुदायिक सूचना नेटवर्क (सिआइएन) (२०८२।१०।२७)

सामुदायिक सूचना नेटवर्क सिआइएनमा शिरोमणि ढुङ्गाना, प्रमुख कार्यकारी निर्देशक, सुशीला श्रेष्ठ महासङ्घ शाखा अध्यक्ष डेस्क सम्पादक, सन्तोष गन्धर्व, समाचार सम्पादक सञ्चालक तथा कार्यरत पत्रकार कर्मचारीसँग भएको छलफलमा उठेका विषयहरू यस्ता छन् ।

सिआइएनमा श्रमजीवी पत्रकारको समस्या छैन । मानव संसाधनको नीति छ, सो रहेसम्म यस्तो हुँदैन । गत साल मानव संसाधन खुम्चिएको थियो । ***प्लेटफर्म भन्दा सन्देशको छलफलमा जानुपर्छ ।*** कन्टेन्टमा बहस, मिडियामा होइन । सिआइएन टिम काउन्सिलमै आएर केही छलफल र प्रस्तुतीकरण गर्न चाहन्छौँ । हाम्रो आफ्नै संसाधन छ । लर्निङ सेयरिङको अवसर काउन्सिलमा दिनुपर्दछ । ७२ वटा भाषाको क्षमता छ हामीसँग ***। हाल ३० भाषामा कार्यक्रम प्रसारण हुने गरेका छन् ।*** रेडियो कि उच्च र कि तल्लो तहले सुनिरहेको छ । सामुदायिक रेडियो ७७ वटै जिल्लामा छौँ । ***वर्गीकरण गर्दा माध्यमलाई विभेद गरिएको छ, गर्न पाइँदैन ।*** ठाउँ ठाउँमा डकुमेन्ट बुझाउने प्रावधान छ । ***कति ठाउँमा बुझाउने एउटै डकुमेन्ट ?*** संरचना थप्दै जाँदा राज्यप्रतिको दायित्व/विश्वास घट्छ। आचारसंहिता संशोधन हुन बाँकी छ, एआई आइसक्यो । आचारसंहितामा मिडिया साक्षरता

राख्नुपर्छ । सामान्य पत्रिकाको वर्गीकरण हुँदा राम्रो रेडियोको समेत हुँदैन । हाम्रो नीति बलियो छ । काउन्सिलको टोन आज पोजेटिभ पाएँ, सहजीकरण गर्न खोजेको देखियो । सहानुभूतिको सिद्धान्तबाट अभिप्रेरित देखिन्छ । सिआइएनमा पत्रकार महिला: समाचारमा ८ जना । जम्मा २२ जना छौँ ।

काउन्सिलबाट हामीलाई हालसम्म कुनै सचेत गराइएको वा उजुरी परेको भन्ने पत्र नआएबाट पनि आचारसंहिता उल्लङ्घन भएको देखिँदैन । सिआइएनले निर्वाचन आचारसंहिता उल्लङ्घन गर्दैन । ***सिआइएनको आफ्नै आचारसंहिता बनाएर लागु गरिएको छ ।*** प्रेस स्वतन्त्रता: दबाब प्रभावमा परेर काम गर्नुपरेको छैन । काउन्सिल र सिआइएनको दुरी बढेको जस्तो लाग्छ । रेडियोको भ्यालु अझै पनि छ पारिश्रमिक अहिले गाह्रो छैन। ***जिल्लाका रेडियोमा न्यूनतम पारिश्रमिक नपाएको अवस्था छ ।***

सिआइएन गाइडलाइन तयार गरेका छौँ । काउन्सिलप्रतिको धारणा: मसम्म काउन्सिलको फोन आउने अवस्था छैन । रेडियोमा ८ वर्ष भयो । हामीले यहाँ गर्ने पत्रकारिता अन्तभन्दा फरक छ । संस्थालाई छोडेर समाचार लेख्ने पत्रकारलाई तारो बनाएर पत्र काटिन्छ । राज्य नै पत्रकार चाहिँदैनजस्तो गर्छ । पत्रकारका संस्था बलियो भए आचारसंहिता पालना सहजै हुन्छ । औद्योगिक क्षेत्रले मिडियाका लागि कति लगानी/रकम छुटाउँछ ? मिडिया कसरी चलेका छन् ? काउन्सिलले नै अध्ययन गर्नुपर्दछ । मिडिया आत्मनिर्भर भए पत्रकार पनि आत्मनिर्भर हुन्छन् । चिठी काट्नुभन्दा पहिला आन्तरिक विषय बुझेर काट्ने गर्नु राम्रो । सदस्यहरूको नियुक्ति राजनीतिसँग जोडिनुहुन्न । ***एआइको प्रयोग गरेका छैनौँ ।*** कपिराइटतर्फ ध्यान दिनुपर्नेछ ।

प्रेस काउन्सिल नेपालको तर्फबाट सदस्यहरू बालकृष्ण अधिकारी, शन्तराम बिडारी, झबिन्द्र भुसाल, मुख्य अधिकृत, दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नुभएको थियो ।

भेटघाटको नयाँ वातावरण बनाउन खोजेका हौँ । हिजोसम्म पत्र काट्ने संस्थाजस्तो लाग्थ्यो काउन्सिल आज त्यस्तो लाग्दैन आज आचारसंहिता पालना गर्ने संस्था हो भन्ने लाग्यो । श्रम/पारिश्रमिकको कुरा र काउन्सिलप्रतिको धारणा के छ भनेर पनि सुझाव लिन आएका हौँ । विगतमा काउन्सिलले गरेका राम्रा कामको स्वामित्व लिन्छौँ । सुधार गर्नुपर्ने काममा जोड दिन्छौँ । सुझाव लिएर काम गर्नुपर्दछ/गर्छौँ । मैले आज के काम गरेँ भनेर हेरिदिनुपर्दछ । हामीले गल्ती गरे खबरदारी गरिरहनुपर्दछ । काउन्सिल अझै जिम्मेवार भएर अघि बढ्छ/काम गर्छ ।

आचारसंहिता पालनाको स्थिति के छ ? काउन्सिललाई सुझाव छन् कि ? पोलिसि के के बनाउनुपर्दछ पत्रकारबाटै पनि सुझाव आएको राम्रो । स्वअनुगमन/अनुगमन मिडिया आफैंले गरेको विषय निकै सह्रानीय छ । स्थलगत अनुगमनमै आउनुको कारण आचारसंहिता अनुगमन/कारबाहीबारे जानकारी गराउनु/लिनु हो । डेस्कमा काम गर्दा प्रेस

स्वतन्त्रता/सदुपयोग दुरुपयोग के कसरी भइरहेको छ ? काउन्सलले के कसरी सौहार्द वातावरण मिलाउने/बनाउने गर्न सक्ला यहाँहरूका सुझाव पनि आवश्यक छ ।

६. रेडियो मिर्मिरे (२०८२।१०।२७)

रेडियो मिर्मिरेमा भएको स्थलगत अनुगमनमा वासुदेव तिम्सिना, सञ्चालक, सन्तोष सेन्चुरी, व्यवस्थापक, रेडियो मिर्मिरेका सञ्चालक तथा कार्यरत पत्रकार कर्मचारीसँग भएको छलफलमा उठेका विषयहरू यस्ता छन् ।

१५ जनाभन्दा बढी सदस्य नेपाल पत्रकार महासङ्घ रेडियो मिर्मिरे शाखामा छन् । सदस्य खारेज गर्ने प्रावधान छैन । पत्रकार आचारसंहिताको विषयमा उजुरी/जवाफ/पत्राचार कुनै अहिलेसम्म आएको छैन । २०७० सालदेखि दल विशेषलाई ल्याएर अन्तर्वार्ता लिने/दिने गरिएको छैन । ***न्यूनतम पारिश्रमिकको नियम यहाँ लागु हुँदैन ।*** साधन-स्रोत खुम्चिएको छ । ***स्वयंसेवी रूपमा काम गरिरहेका छौँ ।*** १५ जनामध्ये ४ जना फूल टाइम स्वयंसेवक हुनुहुन्छ भने अन्य पार्ट टाइम स्वयंसेवक हुनुहुन्छ । उहाँहरूलाई पारिश्रमिक होइन पकेट खर्च दिने गरिएको छ । रेडियोको भाडा मासिक ६० हजार बुझाउनुपर्छ । निर्वाचनका बेला पनि विज्ञापन बजाइएको छैन । निर्वाचन शिक्षा, मतदाता शिक्षाको भए प्रसारण गर्ने हो । आर्थिक समस्या छ । स्थानीय तहको सूचना बाग्मती प्रदेशभित्रको आउँछ । अहिले निर्वाचन भनेर त्यही पनि रोकिएको छ ।

२०६४ सालदेखि हालसम्ममा यसरी भिजिटका लागि आएको जस्तो लाग्दैन । सञ्चार माध्यमलाई उद्योगका रूपमा लैजान काउन्सिलले भूमिका खेल्नुपर्छ । राज्यले नै सौतेनी सन्तानजस्तो ठान्दछ । ***समानुपातिक विज्ञापन प्रणाली लागु हुनुपर्छ ।*** विज्ञापन बोर्डबाट नकारात्मक सहयोग छ । कर्पोरेट हाउसजस्तो भएको छ । काउन्सिललाई मिडियामैत्री बनाउनुपर्दछ । पत्रकारलाई कम्तीमा काउन्सिल जाऔँ भन्ने बनाउनुपर्छ । अपनत्व महसुस गराउनुपर्छ ।

रेडियो मिर्मिरेलाई सामाजिक सञ्जालमा जोड्न खोजेका छौँ । टिकटक फेसबुक युट्युब छ। पत्रकार/आम जनताले कपिलवस्तु रुपन्देही गएका बेला काउन्सिल त सबैलाई चिठी काट्ने अफिस हो भन्थे । मिडिया मर्जरको कुरा सुनिन्छ । यो केका लागि बैड्कको पो मुनाफाका लागि मर्जर हुन्छ जनशक्ति कटौती हुन्छ । मिडिया मर्जर हुँदा स्वाभिमानमा असर पर्दैन । मुनाफा कि स्वाभिमान उद्देश्यमा स्पष्ट हुनुपर्छ बैड्क र मिडिया एकै होइनन् । ***पेसाप्रतिको माया इमानदारिता स्वाभिमानका लागि पत्रकारिता गरेको हो ।*** यो छोड्न सकिँदैन । व्यावसायिक रेडियोलाई विज्ञापन दिइनुपर्छ । पालिका आफैँले मिडिया सञ्चालन गर्दा अन्य मिडियामा विज्ञापन जाँदैन । त्यसो नगरी सबै मिडियालाई दिइनुपर्छ । सरकारी विज्ञापन पहुँचमा भर पर्ने गरेको छ ।

प्रेस काउन्सिल नेपालको **तर्फबाट सदस्यहरू बालकृष्ण अधिकारी, शन्तराम बिडारी, झबिन्द्र भुसाल- मुख्य अधिकृत, दीपक खनाल - वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नुभएको थियो ।** फरक सन्दर्भमा आइरहेको मिडिया हो ।

अहिले चाहिँ काउन्सिलप्रतिका गुनासा/अपेक्षा पनि सुनौँ । काउन्सिल दुःख दिने निकाय होइन भन्ने बुझाउन हामी आएका । सञ्चार माध्यमका समस्या बुझ्न । राज्यलाई सुझाव दिन । आचारसंहिता कार्यान्वयन गराउन काउन्सिलले भूमिका खेल्ने हो त्यही क्रममा सञ्चारगृहमै हामी आएका छौँ ।

७. रेडियो थाहा सञ्चार नेटवर्क (२०८२।१०।२७)

रेडियो थाहा सञ्चार नेटवर्क र थाहाखबर डटकमको संयुक्त अवलोकन भयो । सोक्रममा नरेन्द्र सापकोटा, सम्पादक, थाहा सञ्चार नेटवर्क, मनोज अर्याल पत्रकार, भुवन रिजाल पत्रकारलगायतले व्यक्त धारणा यसप्रकार छ ।

रेडियोमा २२ देखि २५ जना र अनलाइनतर्फ १३ देखि १४ जना कार्यरत छौँ । अपुष्ट समाचार हाल्दैनौँ । कहिलेकाहीँ मानवीय गल्ती हुन्छ । त्यस्तोमा सचेत छौँ । काउन्सिलले पत्र पठाउनुपूर्व नै सच्याउने गरेका पनि छौँ । पत्र आएपछि त सच्याउँछौँ नै। डिप-फेक र मानवीय त्रुटि फरक कुरा हो । मलाई मैले चलाउने फेसबुक मा आचारसंहिता लाग्छ कि लाग्दैन । रेडियो टिकाउन अब गाह्रो छ । अनलाइनभन्दा पनि सामाजिक सञ्जाल शक्तिशाली बन्दै गएको छ । विश्वसनीय छौँ भनेर देखाउन गाह्रो छ। रेडियोको विश्वसनीयता घट्दै छ । विज्ञापन बोर्ड अनलाइनको हकमा छैन । क्षमता अभिवृद्धि गर्नुपर्नेछ किनकि जे बोल्दिए पनि हुनेजस्तो भइसक्यो । ***प्रेस स्वतन्त्रता र अभिव्यक्ति स्वतन्त्रतालाई छुट्टाएर हेर्नुपर्ने हुन्छ ।*** मिडिया टिकाउने कुरा प्रमुख हो । ***सामाजिक सुरक्षा कोषमा आबद्ध भइसकेका छैनौँ ।*** विज्ञापन निकै कम छ । ***नियुक्ति पत्र पाएका छौँ । बिदा र परिचयपत्रको व्यवस्था छ ।***

काउन्सिलले केही नभने/नबोलाए पनि काउन्सिललाई स्वतःस्फूर्त आलोचना/सुझाव सधैँ रहन्छ। ब्रेकिङमा हाम्रो जोड छैन तर कस्तो भइदियो भने खत्रा ब्रेकिङ भइदिएन भने विज्ञापन पनि हुँदैन । जथाभाबी नलेखी एड नपाइने अर्को सोर्सफोर्स भएन भने पनि विज्ञापन मागेर नपाइने। विज्ञापन बोर्डले मिडियामैत्री भूमिका निर्वाह गर्न सकेको छैन ।

प्रेस काउन्सिल नेपालको **तर्फबाट सदस्यहरू बालकृष्ण अधिकारी, शन्तराम बिडारी, झबिन्द्र भुसाल, मुख्य अधिकृत, दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नुभएको थियो ।**

काउन्सिल डन्डा चलाउने पत्र काट्ने संस्था होइन । यो अर्कै निकाय पनि होइन, तपाईंहरु कै हो । पत्रकारलाई पुलको काम गर्ने निकाय हो । काउन्सिलले चीलबाट चल्ला र चल्लाबाट करेसाबारी जोगाउने काम गर्ने हो । सञ्चार माध्यमसँग सम्बन्ध निकट बनाउने हो । तपाईं हाम्रै निकाय हो काउन्सिल । यो बलियो भए सञ्चार माध्यम पनि बलियो हुने हो पत्रकार बलियो हुने हो । संस्था बलियो भए आज हामी पुग्यौँ भोलि तपाईंहरू त्यहाँ पुग्नुहुन्छ । सचेत, नियतवश र जानीजानी गरिएका गल्तीको प्रकृति फरक हुन्छ । पत्रकारकै कारण मिडिया सङ्कटमा पर्न खोजेकोजस्तो पनि देखिन्छ । सोसल मिडिया कि मिडिया भन्ने प्रश्न छ । अनि पत्रकार को हुन् को होइनन् भेद

छुट्टिनु आवश्यक छ । सेवा-सुविधा नपाएपछि पत्रकारको काममा प्रत्यक्ष प्रभाव पर्नु स्वाभाविक हो । आन्तरिक आचारसंहिता बनाउनुभएको छ कि छैन ।

८. अन्नपूर्णपोष्ट दैनिक (२०८२।१०।२७)

अन्नपूर्ण पोष्ट दैनिकको कार्यालयमा बालकृष्ण बस्नेत, प्रधान सम्पादक अन्नपूर्ण पोष्ट दैनिक, कमलदेव भट्टराई, सम्पादक अन्नपूर्ण एक्सप्रेस, नरेन्द्र साउद, डेस्क सम्पादक अन्नपूर्ण, पत्रकारहरू रामकला खड्का, सुनिता कार्की, अजवी पौड्याल, राधा खनाल, गोपीकृष्ण ढुङ्गानालगायतले पारिश्रमिकको समस्या गम्भीर रूपमा उठाउनुभएको थियो । काउन्सिलको अनुगमनबाट निस्केको निष्कर्षसहितको प्रतिवेदन सार्वजनिक गर्न उहाँहरूको माग थियो । श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिक निर्धारण समितिले निर्धारण गरेअनुसारको सेवा सुविधा नदिने सञ्चालक तथा प्रकाशक र सञ्चारगृहलाई सरकारी विज्ञापन रोक लगाउनेदेखि कालोसूचीमा राख्नेसम्मको कानुनी व्यवस्था गर्नुपर्ने सुझाव छ । उपलब्ध पत्रकार, कर्मचारी र काउन्सिलका प्रतिनिधिबिच भएका छलफल र उठेका विषय निम्नानुसार छन् ।

हाम्रो कन्टेन्टमा प्रेस काउन्सिल आउनुपर्दछ । निर्वाचनका बेला हाम्रो अधिकतम पहल भनेको कहींबाट हाम्रो कन्टेन्टमाथि प्रश्न नउठोस् भन्ने नै हो । पत्रकार र निर्वाचन आचारसंहिता दुवैको परिधिभित्र रहेरै समाचार सम्प्रेषण गर्छौं । मानवीय त्रुटिबाहेक आचारसंहिताको हनन् हुन दिँदैनौं । पहिलेको भन्दा अहिलेको निर्वाचनमा धेरै डिजिटल असुरक्षा देखियो । निष्पक्ष रिपोर्टिङ गर्दा धाक धम्की आउन सक्छ । यसपटक एआई जस्ता डिजिटल टुल्समार्फत चुनावलाई भाँड्न खोज्ने, मिडियालाई पनि जुधाउन खोज्ने प्रवृत्ति देखिएको छ । यसमा आयोगले केही बोल्न सकेन भने मिडियाले बोल्नुपर्छ ।

चुनावका नाममा विनियोजित बजेट कहाँ जान्छ भन्नेबारे नेपाली मिडियाले खोज्नुपर्ने दायित्व छ । ***सञ्चार माध्यमका लागि काउन्सिलभन्दा अर्को निकाय खडा गर्नुहुँदैन ।*** निर्वाचनका बेला आयोगले काउन्सिललाई उचित प्रयोग गर्न र बजेट दिन अप्ठ्यारो गर्छ। पत्रकारको पारिश्रमिक रोकिनुहुन्न भन्नेमा म स्पष्ट छु । यहाँको विषयमा बुझ्दैछु । श्रमको मूल्यको सम्मान नगर्ने मिडिया हाउसको अवस्था राम्रो हुँदैन । तलब जहिले आए पनि कर त राज्यले उठाएको छ ।

आचारसंहिताको पालनामा सजग/सचेत छौं । हामीले दिने कन्टेन्टमा सबै पक्षलाई समेट्न खोजेका हौं । आङ कन्याएर छारो उडाउने भनेजस्तो छ । कस्तो पेसा रोजिएछ जस्तो लाग्छ। पत्रकारितामा निराशा बढ्दो छ । सबैतिर जुनसुकै मिडियामा समस्या छ । तर सधैं यस्तै अवस्था नहोला । काउन्सिलले पत्रकारलाई आत्मनिर्भर गराउने कार्यक्रम ल्याउनुपर्नेछ । अन्यथा भोलि यो पेसा नै सङ्कटमा पर्ने अवस्था छ । काउन्सिल पनि सञ्चार माध्यम रहे मात्र रहने हो । अन्नपूर्ण पोष्टको हकमा हामीले सन्तुलित भएर नै लेखेका छौं ।

पत्रकारितामा समस्या छ । यसका सबै होल्डर एक भएर मिलेर जानुपर्छ । ***विज्ञापनमा ९० प्रतिशतसम्म घुस खोरी छ ।*** बिचको बिचौलिया हटाउनतर्फ सोच्नुपर्नेछ । विज्ञापन बोर्डले सञ्चार माध्यमका लागि राम्रो भूमिका खेल्न सकेको छैन । यसबारे सोच्नुपर्नेछ ।
पत्रकार आचारसंहिता पालनाका आधारमा मात्र नभएर श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिक कार्यान्वयनका अवस्थाका आधारमा पत्रपत्रिका वर्गीकरणको नम्बर थप वा घटको व्यवस्था गर्नुपर्ने ।
वर्गीकरण, नवीकरणका क्रममा सम्बन्धित सञ्चार गृहले लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र जो जहाँ नवीकरण वा वर्गीकरणका लागि जाने हुन् त्यो संस्थाले पनि लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने प्रबन्ध गर्नुपर्ने ।
न्यूनतम पारिश्रमिक मात्र होइन श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनसहित आयकार तिर्ने सञ्चार गृहलाई सहुलियत कर्जासहितको प्रोत्साहनका कार्यक्रमहरू ल्याउनुपर्ने ।
प्रेस काउन्सिल नेपालको **तर्फबाट सदस्यहरू बालकृष्ण अधिकारी, शन्तराम बिडारी, झबिन्द्र भुसाल, मुख्य अधिकृत, दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत (प्रवक्ता)ले तपशिल अनुसारका धारणा राख्नु भएको थियो ।**
हामीलाई पनि काउन्सिल आउनुअघि यो दुःख दिने संस्था हो जस्तो लाग्थ्यो । तर होइन यो पत्रकारसँगको दुरी घटाएर पत्रकार आचारसंहिता कार्यान्वयनमा सबैलाई सजग गराउने निकटस्थ निकाय हो । सञ्चार माध्यममा पारिश्रमिकको समस्या धेरै छ । समाधानका लागि काउन्सिलले अभिभावकी भूमिका निर्वाह गर्न खोजेको छ।
स्वार्थको सिद्धान्तअनुसार सबैको आ-आफ्नो भूमिका रहन्छ । श्रमजीवी पत्रकार, प्रेस स्वतन्त्रता, आचारसंहिता लगायतको अवस्थाको स्थलगत अध्ययन गरेरै बुझ्न खोजेका हौं। आलोचना/सुझाव सबै स्वागतयोग्य छन् । सञ्चार माध्यमको दिगोपनाका लागि केही हौसला प्रेरणा होस् भन्ने हेतुले काम गरिरेका छौं ।
बोर्ड बैठकबाट ५० वर्षदेखि निरन्तर प्रकाशित पत्रिकालाई सम्मान गर्ने निर्णय भएको छ । आचारसंहिता संशोधनका लागि सुझाव आओस् भन्ने छ । पत्रपत्रिका/रेडियो/टिभीको अभिलेख राख्ने काम प्रभावकारी बनाउनु छ ।

९. कारोबार दैनिक (२०८२।०९।०६)

कारोबार दैनिकमा बालकृष्ण ज्ञवाली, सम्पादक, कारोबार दैनिक, अनिल बास्कोटा, मुख्य प्रबन्धक, दीपेन्द्र थापा, संवाददाता, जीवन बस्नेत, संवाददाता, राजु काफ्ले, व्यवस्थापकलगायतसँग विषयकेन्द्रित छलफल गरिएको थियो । जसमा आचारसंहिता पालनामा कटिबद्ध, सम्पादकको हैसियतमा प्रेस स्वतन्त्रतालाई ध्यान दिइएको, कान्तिपुरमा १२-१३ वर्ष अनुभवपश्चात् यहाँ आएको, बेसिक ***न्यूनतम तलब सबैलाई दिइएको छ,*** हाम्रा ***पत्रकारलाई स्वास्थ्य बिमा, व्यवस्थापनले एक महिनाको बोनस घोषणा गरेको***, नियुक्ति पाएको तीन वर्षमा तलब वृद्धि गरिँदै आएको, यसै मङ्सिरदेखि ***सामाजिक सुरक्षा कोषमा पनि आबद्ध*** भयौं, पार्टटाइम, न्युजबेसिस

उपत्यकाबाहिर ५० जना रिपोर्टर, गुनासो खासै छैन । कोभिड पेन्डामिकमा कसैलाई निकालिएको छैन, कम्तीमा नासुस्तरको तलबमान हुनुपर्ने साथीहरूको माग रहेको भनाइ।

कोभिडपछि अहिले बिजनेस घटेको छ, बेलुका स्टाफ घटेको, कागजलगायत सुविधा भए राम्रो हुने थियो, वर्गीकरण सुधार आवश्यक छ, मूल्याङ्कन विधि परिमार्जन हुनुपर्ने, पाठकको जनमत लिने, विज्ञापन बजार अस्वस्थ प्रतिस्पर्धा रहेको, जसको जनशक्ति, ***भूकम्प, कोभिड महामारी, प्रकोपको कारण सुस्त अर्थतन्त्र हुँदा प्रभाव, डिजिटल सँगसँगै, आम्दानी घटेको छ ।***

सबै कुरा राम्रो छ, गुनासो गर्नुपर्ने केही छैन । न्यूनतम पारिश्रमिकमा समसामयिक परिवर्तन आवश्यक छ, हाल डेस्क हेर्ने तीन जना पत्रकार महिला हुनुहुन्छ। ५५-६० जिल्लामा पत्रिका वितरण । सबै पालिकामा पुग्याउने लक्ष्य, कोभिडपछि ग्राहक घटेको, धेरैजसो वित्तीय संस्था ग्राहक, हाल १३ हजार नियमित ग्राहक रहेको, पेपर महँगो, कोरियाबाट आयात गरिँदै आएको ।

प्रेस काउन्सिल नेपालको तर्फबाट सदस्य विजयराज अधिकारी, झबिन्द्र भुसाल, मुख्य अधिकृत, महेन्द्रराज सिंह, अनुगमन अधिकृतले तपशिल अनुसारका धारणा राख्नुभएको थियो । आर्थिक बिट पत्रकारिताले अर्थ क्षेत्रमा महत्त्वपूर्ण योगदान गरेको, आचारसंहिता पालनामा उत्कृष्ट, उजुरी नपर्नु राम्रो पक्ष रहेको छ । मिडियालाई विश्वसनीय बनाउन, सुमधुर सम्बन्ध कायम गर्न, कम्तीमा चिनजान होस् भन्ने ध्येयले समेत अनुगमन भएको, मिडिया टिक्न कठिनाइ, श्रमजीवी पत्रकारको अवस्था, आचारसंहिता उल्लङ्घनको अवस्थाको अध्ययन हुने । मिडिया भनेका साझा सम्पत्ति, सामाजिक उत्तरदायित्वसहितको पत्रकारिता, आचारसंहिता पालनामा जोड दिनुपर्ने, हाउसभित्र सेल्फ मनिटरिङ मेकानिज्म राम्रो हुन्छ।

१०. मेट्रो एफएम (२०८२।०९।०६)

मेट्रो एफएममा कृशु नेपाल: स्टेसन म्यानेजर, चन्द्रमणि भट्टराई सम्पादक-metronews.kathmandu.gov.np, युवराज विद्रोही: संवाददातालगायतसँग विषयकेन्द्रित छलफल गरिएको थियो । जसमा काठमाडौँ ***महानगरपालिकाको सञ्चार महाशाखाअन्तर्गत सञ्चार महाशाखाको सञ्चार शाखाले सञ्चालन*** गर्ने । स्थानीय तहले सञ्चालन गरेको रेडियो भएको हुनाले ***स्थानीय तहका कर्मचारीसरह नै सेवा सुविधा पाएको ।*** रेडियोमा काम गर्ने जनशक्ति घट्दो क्रममा रहेको, हाल १० जना मात्र कर्मचारी कार्यरत रहेको, स्थायी सेवाका कर्मचारी जम्मा २ जना मात्र रहेको र महिला पत्रकार जम्मा १ जना रहेको । सबै ***कर्मचारीलाई सामाजिक सुरक्षामा आबद्ध गरिएको***, रेडियो दैनिक रूपमा जम्मा १६ घण्टा ३० मिनेट सञ्चालन हुने गरेको, स्थानीय तहले नै ***बजेट विनियोजन गरी सञ्चालन गरेको हुनाले विज्ञापनमा मात्र भरपर्नु नपर्ने अवस्था*** रहेको, विज्ञापन पनि

कम हुँदै गएको र अन्य निजी रेडियोले जसरी लिन पनि कठिन रहेको, महानगरको सञ्चार ऐनअन्तर्गत रहेर metronews.kathmandu.gov.np अनलाइन सञ्चालन गरेको।

स्थानीय सरकार सञ्चालन ऐन अन्तर्गत रहेर महानगरले छुट्टै ऐन बनाएको, महानगरको बजेटबाट सञ्चालन हुने हुँदा कतिपय विषयमा करसम्बन्धी विवाद हुने गरेको, सूचना विभागले कानुनी रिक्तता देखाइ अनलाइन पोर्टल दर्ता गर्न नमानेकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट पत्र आउने गरेको, अनलाइन पोर्टल सञ्चालनमा कानुनी कठिनाइ रहेको, स्थानीय तहले संविधानले नै तोकेका अधिकार अभ्यास गर्न पाउनुपर्ने विषयलाई काउन्सिलले मनन गर्नुपर्ने, नियमनकारी निकायले अन्तर्गत रूपमा देखिएका समस्या समाधानमा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने/पहलकदमी लिनुपर्ने, फेसबुक, एक्स, टिकटक, इन्स्टाग्रामजस्ता सामाजिक सञ्जालका प्लेटफर्ममा पनि सक्रिय रहेको छ।

सूचना तथा प्रसारण विभागले प्रेस कार्ड नदिँदा समस्या भएको छ । समयमा तलब नपाउने पनि पत्रकार, कार्ड नपाउने पनि पत्रकार र त्यसले गर्दा सूचना सङ्कलनमा पनि पत्रकार भएका छन् । ***कारबाही गर्नुपर्ने साहु र सञ्चालक हुन् तर सूचना विभागले पत्रकारलाई कारबाही गरिरहेको छ ।*** पत्रकारले कार्ड पाउनु पर्दछ । तलब सुविधा नदिने सञ्चालकहरूलाई कारबाही हुनु पर्दछ । संविधानअन्तर्गत रहेर जारी गरिएका कार्ड सबैलाई मान्य हुने भएकाले काउन्सिलले नीतिगत तहमा पहलकदमी लिगोस् ।

प्रेस काउन्सिल नेपालको **तर्फबाट सदस्य विजयराज अधिकारीले तपशिल अनुसारका धारणा राख्नुभएको थियो ।** सम्पूर्ण नेपाली मिडिया जगतको अभिभावकी संस्थाका रूपमा रहेको प्रेस काउन्सिल नेपालले पछिल्लो समयमा मिडिया क्षेत्रमा देखा परेका समस्या, चुनौती एवं प्रवृत्तिलाई सञ्चारगृहमै पुगेर बोध गर्ने हेतुले काउन्सिल अनुगमनमा आएको हो । अनुगमनबाट निस्कने निष्कर्षसहितको प्रतिवेदन काउन्सिलमार्फत नेपाल सरकारसमक्ष पेस गरिनेछ ।

११. नागरिक दैनिक (२०८२।०९।०७)

नागरिक दैनिक, सुन्धारामा गुणराज लुइँटेल, प्रधान सम्पादक, श्रीराम सुवेदी विशेष संवाददाता, उज्ज्वल तिम्सिना सिएफओ, टपेन्द्र कार्की संवाददातालगायतसँग विषयकेन्द्रित छलफल गरिएको थियो । जसमा एसिया क्षेत्रमै सबैभन्दा राम्रो पत्रकारिताको अवस्था रहेको नेपालमा प्रेस काउन्सिल नेपाल प्रेसको मार्गदर्शक रहेको । ठेक्कापट्टाका विषयमा स्थानीयस्तरमा संवाददातालाई धम्की आउने । बारम्बार १२ भाइको ट्याग लगाउँदै ह्रास गर्न खोज्ने । अप्रत्यक्ष रूपमा सरकारभन्दा बाहिरबाट ह्यारासमेन्ट हुने गरेको । टी.आर.पी. का लागि जे पनि बोल्दिने परिपाटीको विकास भएको । ***न्यूनतम पारिश्रमिक दिइएको । सामाजिक सुरक्षा कोषमा आबद्धता नभएको ।*** वार्षिक १७/१८ करोडसम्म आम्दानी हुने गरेको । जेन्जी आन्दोलनले बजार व्यवस्थापनमा नकारात्मक असर पारेको । छापा बाहेक फेसबुक, एक्स, युट्युब, रिल्सलगायतका डिजिटल प्लेटफर्ममा

पनि सक्रिय भएको । मिडिया कमजोर हुनु भनेको अन्ततोगत्वा लोकतन्त्र नै कमजोर हुनु हो ।

भ्रामक र मिथ्या प्रचारमा काउन्सिलले ध्यान दिनुपर्ने र नियन्त्रण गर्नुपर्ने । पत्रकारले पाउने परिचय पत्रलाई पारिश्रमिकसँग जोड्दा पत्रकार मर्कामा परेका । पत्रपत्रिका वर्गीकरण अव्यवहारिक भएको । राष्ट्रिय 'क' वर्गमा पर्न कम्तीमा २ वटा प्रदेशबाट प्रकाशित हुनुपर्ने व्यवस्था गर्नु पर्दछ । वर्गीकरणको मापदण्ड फेर्नुपर्ने । ***सरकारी विज्ञापन बापतको सबै पैसा सञ्चार गृहले पाउने अवस्था आए पनि पत्रपत्रिकाहरू बाँच्ने ।*** काउन्सिलको कामको अनुभूति भइरहेको छ । काउन्सिलको कार्यलाई यसको कार्यक्षेत्र कति हो भन्ने विषयले प्रभाव पार्ने । जेन्जी आन्दोलनपछि धम्कीको मात्रा बढेको छ ।

प्रेस काउन्सिल नेपालको **तर्फबाट सदस्य विजयराज अधिकारीले तपसिल अनुसारका धारणा राख्नुभएको थियो ।** लोकतन्त्रको जगेर्नाका लागि प्रेस स्वतन्त्रता र विधिको शासन अपरिहार्य रहेको । पछिल्लो समयमा प्रेस जगतको अवस्था के छ भनी काउन्सिलले मिडिया हाउसमै पुगेर अनुगमन गर्दै आएको । अनुगमनबाट निस्किएका निष्कर्ष नेपाल सरकारसमक्ष पेस गरिने ।

१२. उज्यालो ९० नेटवर्क (२०८२।१२।०२)

• मिलन तिमल्सिना (उज्यालो ९० नेटवर्क)

चुनावको वेला राजनीतिक दलको विज्ञापन बजाउँदा धम्की आएको । ***उज्यालोले काम गर्ने कर्मचारीको लागि शैली पुस्तिका बनाएर कार्यान्वयनमा रहेको ।*** बुलेटिन दिनमा ५ वटा बजाउने र ब्रेकिङ समाचार आएमा जुनसुकै समय पनि बजाउने गरेको । हाल कार्यरत सङ्ख्या कर्मचारी ३ जना महिलासहित १३ जना रहेको । कार्यरत पत्रकारहरूले प्रेस काउन्सिल नेपालले अभिभावकी भूमिका निर्वाह गर्दछ भन्ने कुरामा विश्वस्त रहेको । ***राससले पनि गलत सूचना दिनाले कतिपय खण्डमा कठिन भएको ।*** कार्यरत कर्मचारीले ***समयमै तलब पाएको र सामाजिक सुरक्षामा समेत रहेको ।***

१३. देशसञ्चार डटकम (२०८२।१२।०२)

• युवराज घिमिरे, प्रधान सम्पादक देश सञ्चार डटकम

१३ जना पत्रकार कार्यरत रहेको । ***कार्यरत कर्मचारीले समयमै तलब पाएको ।*** काउन्सिलले चिठ्ठी पठाउँदा अनौपचारिक ढङ्गले आउने गरेको । चिठ्ठीमा सुरुमै गल्ती करार गरेको भन्ने मनसायले आएकोतर्फ ध्यानाकर्षण गराएको छ ।

१४. बाह्रखरी डटकम (२०८२।१२।०२)

• प्रतीक प्रधान, प्रधान सम्पादक बाह्रखरी डटकम

कार्यरत कर्मचारी ५० जना रहेका र सबैले ***समयमा नै तलब पाएको र समाजिक सुरक्षा कोषमा पनि आवद्दता रहेको*** । राजनीतिक दलबाट सदस्य नियुक्ति भएको हुनाले विश्वसनीयता नरहेको । अनलाइन मिडियालाई पनि कलस्टर गर्नुपर्ने । कानुन मान्ने र

नमान्नेलाई के ? भन्ने प्रश्न खरो रुपमा आएको । स्वरोजगार मिडियामा ५ जनामध्ये ३ जना सदस्यले कम्तीमा २० वर्ष र दुई जनाको कम्तीमा १० वर्ष अनुभव भएको हुनुपर्ने । ***उज्यालो ९० नेटवर्क, बाह्रखरी र देश सञ्चारमा प्रेस काउन्सिल नेपाल सदस्य नकुल अर्यालले अनुगमन कार्यक्रमको सहजीकरण गर्नुभएको थियो ।*** त्यसक्रममा काउन्सिलमा प्रेस स्वतन्त्रता तथा श्रमजीवी पत्रकार हित उपसमिति सक्रिय रहेको र उक्त उपसमितिले सञ्चार माध्यम र पत्रकारको अवस्थाका बारेमा अद्यावधिक जानकारी लिई सुझावसहितको प्रतिवेदन तयार गरिने । प्रेस काउन्सिलमार्फत नेपाल सरकारलाई पेस गर्ने प्रयोजनार्थ अनुगमन गरिएको ।

१५. कान्तिपुर टेलिभिजन (२०८२।०५।०३)

तिनकुनेस्थित कान्तिपुर टेलिभिजनमा तत्कालीन समाचार प्रमुख विजय पौडेल, रुपेश श्रेष्ठ, सिनियर सब-एडिटर अमृत दाहाल लगायतसँग विषयकेन्द्रित छलफल गरिएको थियो । प्रदर्शनकारीले कान्तिपुर मिडिया भनेपछि छानी छानी आक्रमण गर्ने हुँदा बुम खोलेर समाचार सङ्कलन गर्नुपर्ने अवस्था रहेको । ***सामाजिक सञ्जालमा फेक आइडी बनाएर आक्रमण गर्ने क्रम बढेको । सामाजिक सुरक्षा कोषमा अहिलेसम्म नगएको ।*** प्रयास गर्दा गर्दा कुल आम्दानी कम भएकाले पब्लिक कम्पनीमा जान नसकिएको । समाचार कक्षमा सकेसम्म गल्ती नगर्ने र कुनै गल्ती/कमजोरी भएमा अर्का दिन समीक्षा गर्ने गरिएको । आचारसंहितामा च्याट जिपिटीको प्रयोगको विषयसमेत समावेश हुनुपर्ने । ***सबै सञ्चारमाध्यम आफैंले आचारसंहिता बनाएर अनुगमन काउन्सिलबाट हुनुपर्ने ।***

समाचारकक्षमा ***विगतको तुलनामा जनशक्ति कम रहेको, दक्ष जनशक्ति पाउन गाह्रो भएको,*** विगतमा एकजनाले एकथरी मात्रै काम गर्ने गरेकामा अहिले एकैजनाले धेरै थरी काम गर्ने हुँदा पनि थोरै जनशक्तिबाट काम गर्न सक्ने अवस्था रहेको । एकातिर विज्ञापन कम हुँदै गइरहेको अवस्था छ भने अर्कातिर भएका विज्ञापन पनि सामाजिक सञ्जाललगायत अरू प्लाटफमा गएको । सञ्चारमाध्यमको आलोचनात्मक सामग्रीमा राजनीतिक दलले आफूलाई असर पर्दा गलत र अरूलाई असर पुग्दा सही भन्ने प्रवृत्ति रहेको । सञ्चार माध्यममाथि आक्रमण हुँदा नागरिकको अभिव्यक्ति स्वतन्त्रता पनि कमजोर हुने । सरकारले काउन्सिललाई संवैधानिक आयोग बनाएर बलियो बनाउनुपर्ने ।

१६. न्युज ट्वान्टी फोर टेलिभिजन (२०८२।०५।०१)

अनुगमनका क्रममा न्युज ट्वान्टी फोर टेलिभिजनमा न्युज कोअर्डिनेटर सुरज खड्का, प्रोग्राम कोअर्डिनेटर नवराज चालिसे, नेपाल पत्रकार महासंघ, न्युज ट्वान्टी फोर शाखाका अध्यक्ष कृष्णकुमार कुन्दङवा, एच.आर म्यानेजर परु शाक्यलगायत कार्यरत पत्रकारसँग सामूहिक रूपमा छलफल गरियो।

साढे दुई वर्ष पहिले एक सयजनाको हाराहारीमा रहेकामा अहिले पत्रकार र कर्मचारी गरी जम्मा ८५ जना हाराहारीमा रहेको । ***सामाजिक सुरक्षा लागु नभएको,*** सरकारले बाध्यकारी

गर्दा मात्रै सजिलै लागु हुनसक्ने। मिडियामा विविधताका कारण अरू माध्यममा विज्ञापन जाने गरेकाले ***टेलिभिजनमा विज्ञापन घटेको ।*** समयमै नभए पनि महिना सकिएपछि ***अर्को महिना सकिनु पहिले तलब दिने गरिएको*** । प्राइभेट कम्पनीमा जानेतयारी भइरहेको। सिधा कुरा जनतासँग कार्यक्रमका सामग्रीका सन्दर्भमा प्रेस काउन्सिलबाट पत्र आउने गरेको काउन्सिलले दिएको निर्देशनलाई पनि मार्निदै आइएको । काउन्सिलले आचारसंहिता अनुगमनमा कारबाही गर्दा भुलवश हो कि नियतवश भन्ने बुझेर नियतवश भएमा माफी मात्रै माग्नेभन्दा बढी कारबाही हुनुपर्ने। प्रेस प्रतिनिधि प्रमाणपत्रको समस्या नभएको ।

१७. एभिन्युज टेलिभिजन (२०८२।०५।०१)

महाराजगन्जस्थित एभीन्युज टेलिभिजनको कार्यालयमा प्रमुख कार्यकारी निर्देशक अजय कुमार ठाकुर, आउटपुट सम्पादक शिव भट्टराई, इन्पुट सम्पादक अनिलकुमार कर्ण, मानव संसाधन तथा प्रशासन विभागका निर्देशक सुधीर फुयाँल, नेपाल पत्रकार महासंघ, एभिन्युज टेलिभिजन प्रतिष्ठानका सचिव रामकृष्ण लामिछानेलगायतका प्रशासनिक कर्मचारी र पत्रकार सहभागी भएका थिए ।

टेलिभिजनको ***आय पहिलेभन्दा २५ प्रतिशतमा सीमित भएको ।*** यो महिनादेखि जनशक्ति बिस्तारै बढाउँदै लगेर सन् २०१२ को आकारमा लैजान लागिएको । ***सरकारले तोकेको न्यूनतम भन्दा कम कसैको पनि तलब नभएको ।*** टेलिभिजनको नयाँ व्यवस्थापन आएको र अहिले लामो समयदेखि काम गरिरहेका कर्मचारी 'हायर एन्ड फायर' हुने हल्ला चलेकाले पत्रकारको सुरक्षा सुनिश्चित हुनुपर्ने । १६-१७ वर्षदेखि कार्यरत पत्रकार/कर्मचारीहरू रहेको, कतिपयको केही महिनाको तलब भुक्तानी बाँकी रहेको । कार्यरत ***धेरै पत्रकारसँग पत्रकार परिचयपत्र नभएको ।***

आचारसंहिताविपरीतका समाचार सामग्री सम्प्रेषण नहोस् भनेर आधिकारिकता ध्यान दिइएको र तथ्य जाँच गरिँदै आइएको । पत्रकारहरू आफ्नो अधिकारका विषयमा जति सजग छन् त्यति नै कर्तव्यका सम्बन्धमा पनि जागरूक हुनुपर्ने । पहिले एक घण्टाको समाचारमा ३८ मिनेट विज्ञापन बज्ने गरेकामा अहिले एक चौथाइमा मात्रै रहेको । सञ्चारमाध्यमले तलब/सुविधा दिन सक्ने भए मात्रै कर्मचारीलाई नियुक्ति दिनुपर्ने।

१८. एपीवान टेलिभिजन (२०८२।०५।०२)

शङ्खमुलस्थित एपीवान एचडी टेलिभिजनमा पुगेर व्यवस्थापन र पत्रकारसँग छलफल गरियो । टेलिभिजनमा प्रमुख कार्यकारी अधिकृत सुरेश पौडेल, प्रधान सम्पादक दीपेन्द्र बान्तवा, समाचार सम्पादक अच्युत पौडेललगायत कार्यरत पत्रकारसँग विषयकेन्द्रीत छलफल गरिएको थियो ।

टेलिभिजनमा आंशिक कर्मचारीसहित जम्मा ७७ जना कार्यरत रहेको । ***सामाजिक सुरक्षा कोषमा पहिले आबद्ध भएर तीन महिना पैसा पठाइएको भए पनि नयाँ व्यवस्थापन***

आएपछि आर्थिक रूपमा नसकिएकाले पछि रोकिएको । विज्ञापन कम भएकै कारण आम्दानी घटेको । आइपीओमा जाने सोच तत्काल नभएको । ***पहिले सबै प्रदेशमा कार्यालयसहित ब्युरो रहेकामा अहिले सबैतिर स्ट्रिङगर मात्रै राखिएको छ ।***

आचारसंहिता पालना गरिएको, व्यावसायिकता कायम राखिएको र समाचारमा बार्गेनिङ नगरिएको । धम्कीका कारण चाहेर पनि खुलेर 'एक्सक्लुसिभ समाचार दिन नसकिएको । पहिले समाचार कक्षमा नै ६५/७० जना रहेकामा अहिले २५/२७ जना मात्रै रहेको । दुई तीन महिनाको अन्तर राखेर मात्रै तलब दिन गरिएको । अहिले टेलिभिजनले पनि मेरो सामग्री कतिले हेर्छन् भनेर सामाजिक सञ्जाल हेरेर पत्ता लगाउनुपर्ने अवस्था रहेको । व्यक्तिगत लगानीमा सञ्चालित मिडियालाई सरकारले पनि लोककल्याणकारी विज्ञापन उपलब्ध गराएर सहयोग गर्नुपर्ने । ***पाँच वर्षदेखि कोही पनि पत्रकारले सूचना विभागको परिचयपत्र नपाएको ।*** आफूले जाने बुझेसम्म आचारसंहिताको पालना गर्दै आइएका छौं।

१९. हिमालय टेलिभिजन (२०८२।०५।०२)

बानेश्वरस्थित हिमालय टेलिभिजनमा अध्यक्ष धर्मराज भुसाल, समाचार प्रमुख राजेन्द्र बानियाँ, डेस्क सम्पादक वैकुण्ठ ढकाललगायतसँग छलफल गरिएको थियो ।

समाचार कक्षमा ३५ जनासहित जम्मा ७० जना कार्यालयमा कार्यरत रहेको ।श्रमजीवी पत्रकार ऐनभन्दा पत्रकारका लागि श्रम ऐन लागु गर्नु राम्रो हुने । एउटा महिना सकिएपछि अर्को महिना सकिनु पहिले नै तलब दिने गरिएको । ***रियालिटी सोका कारण टेलिभिजनलाई टिकाउन सकिएको ।*** समाचारमा काम गर्ने दक्ष जनशक्तिको कमी रहेको। राज्यले एक/दुई जनाले चलाएको युट्युब र धेरैलाई रोजगारी दिने टेलिभिजनलाई एउटै रूपमा हेर्ने गरेको । पब्लिक कम्पनीमा जान कानुनी रूपमा तयार भइसकेको ।

टेलिभिजनका सामग्री विश्वविद्यालयका जर्नलजस्तो नभएकाले बिकाऊ पनि हुनुपर्ने दबाब रहेको । ***टेलिभिजनको आफ्नो छुट्टै शैली पुस्तिका रहेको ।*** सञ्चारमाध्यमले आफ्ना विवरण राज्यका विभिन्न निकायमा बुझाउने गरेकामा त्यसको सुरक्षाको पनि सुनिश्चितता चाहिने । नेतालगायत समाजका प्रतिष्ठित व्यक्तिबाटै पत्रकारलाई धम्क्याउने गरेको । काउन्सिल हुलाकी जस्तो नभएर जाँचकी बन्न खाँचो रहेको । गत चैत १५ गते भएको राजावादीको प्रदर्शनीमा व्यवस्थापनले पहिले आफ्नो जीउ बचाउनुहोस् भनिएको र प्रदर्शनकारीले टेलिभिजनमा ढुङ्गामुढा गरेको ।

२०. इमेज टेलिभिजन (२०८२।०५।०३)

लाजिम्पाटस्थित इमेज च्यानल टेलिभिजनका तत्कालीन समाचार प्रमुख जगदिश खरेल, एच.आर एक्जुकेटिभ एञ्जिला श्रेष्ठ, नेपाल पत्रकार महासंघ, इमेज टेलिभिजन प्रतिष्ठानका अध्यक्ष शङ्कर खनाल, महासंघका उपाध्यक्ष वरिष्ठ समाचार वाचक कोमल शेरचन लगायतसँग छलफल गरियो ।

पहिले काठमाडौँमा झन्डै तीन सय जना कार्यरत र ५० जिल्ला समाचारदाता सक्रिय रहेकामा अहिले काठमाडौँमा एक सय हाराहारीमा जनशक्ति रहेको । विज्ञापन ओरालोमा रहेको, विज्ञापनले टेलिभिजन धान्ने अवस्था नभएको । नयाँ व्यवस्थापन आएपछि अहिले केही महिनाको पारिश्रमिक बाँकी रहेको । पत्रकारितामा माध्यममा आएको परिवर्तनसँगै जनशक्ति पनि आफूलाई समयानुकूल परिवर्तन हुन आवश्यक भएपनि हुन नसकेको । नयाँ व्यवस्थापन आएसँगै उसले स्वास्थ्य बिमा र सामाजिक सुरक्षा कोषमा लैजाने प्रतिबद्धता जनाएको ।

२१. सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबिएन) (२०८२।९।१०)

नेपाल पत्रकार महासंघ नेपाल टेलिभिजन शाखाका अध्यक्ष सुरेन्द्र पौडेलले सहजीकरण गरेको छलफल कार्यक्रममा **सार्वजनिक सेवा प्रसारण नेपाल** (रेडियो नेपाल र नेपाल टेलिभिजन)का पत्रकार र कर्मचारीहरूको समायोजनसहितका विषयमा समस्या रहेको औल्याइएको छ । त्यसक्रममा सहभागिहरूले निम्नअनुसार धारणा राख्नुभएको थियो ।

• डा. महेन्द्र बिष्ट, अध्यक्ष पिएसबिएन

अहिले मिडियाको नयाँ परिभाषा खोज्नुपर्ने अवस्था आएको छ । नयाँ नयाँ प्रविधिलाई सम्बोधन गर्नुपर्ने अवस्था आएको छ । सोसल मिडियालाई प्रवृतिगत रुपमा अनुगमन गर्नुपर्छ तर खास जोड मूलप्रवाहका मिडियामा नै हुनुपर्छ । सकेसम्म आफ्नो समुदायमा बसेर नै समस्या समाधान गर्नुपर्छ । काउन्सिल स्वतन्त्रता र आफ्नो स्वायत्तताको पक्षमा उभिनुपर्छ । पिएसबी पत्रकार आचारसंहिताप्रति पूर्ण प्रतिबद्ध भएकोमा दुई मत छैन । हामी आफैँ सजग छौँ/हुन्छौँ । गल्ती भए सच्चाउन तत्पर छौँ।पिएसबी आएपछि पिपुल फर्स्ट भनेर अघि बढिरहेका छौँ । बजार र सरकारको दबाबलाई भन्दा जनताको प्राथमिकतालाई जोड दिएका छौँ ।

• विष्णुराम न्यौपाने, निमित्त प्रमुख प्रशासकीय अधिकृत, पिएसबिएन

रेडियो नेपालको खुमलटारमा रहेको जग्गा हाल पिएसबीएनको मातहतमा आएको। पदपूर्तिका क्रममा रहेको फाइल उठिसकेको । रेडियो नेपाल ७५ वर्ष नेपाल टेलिभिजन ४० वर्ष सँगसँगै लैजानुपर्ने चुनौतीपूर्ण अवस्था छ । विनियमावली बन्ने क्रममा। आर्थिक/औएण्डएम सर्भे हुनेक्रममा । ९५८ जना कर्मचारी । ९४ प्रतिशत जनतामा पिएसबी पुगेको । ३५ वटा रेडियो स्टेशन । कार्तिक २३ गतेदेखि एनटिभि वर्ल्ड । ६ वटा च्यानल छन् । काउन्सिलसँग सहकार्य आवश्यक छ ।

• पुष्पहरि क्याम्पाराई, समाचार प्रमुख, पिएसबिएन, टेलिभिजन

टेलिभिजनको मूलभूत सार विश्वसनीयता हो । हामी नागरिकप्रति जिम्मेवार र राज्यप्रति प्रतिबद्ध छौँ । सामाजिक दायित्वसहित राष्ट्रियता समृद्धिमा सचेत छौँ । पिएसबीमा अहिले सार्वजनिक सरोकारका विषय सिमान्तकृतका स्वर थपिएको छ । राष्ट्रियताका साथै हामी अन्तर्राष्ट्रिय/कुटनीतिक सम्बन्धमा पनि संवेदनशील छौँ । एक चीन नीतिप्रति पिएसबी प्रतिबद्ध छ । समग्रमा हामी पत्रकार आचारसंहिताप्रति सचेत छौँ ।समाचार

छुट्याएर नै दिने गरेका छौँ । तर काउन्सिलले पत्र सम्प्रेषण गर्दा संस्थामा प्राप्त हुनुभन्दा पहिला अन्यत्र सार्वजनिक हुने कुराप्रति गुनासो छ । म स्वयम् त्यसको भूक्तभोगी हो । फागुन २१ गतेका लागि घोषित प्रतिनिधि सभा सदस्य चुनाव सम्पन्न गर्न सहयोग नै रहनेछ । निर्वाचन आयोगले पनि आचारसंहिता अभिमुखीकरणका लागि हामीलाई सहयोग गर्ने अपेक्षा छ ।

• पवन प्याकुरेल, समाचार प्रमुख/निर्देशक, पिएसबिएन, रेडियो

रेडियो नेपालका विषयमा कम गुनासो आउने गरेको छ ।काउन्सिलले नीतिगत र प्रविधिगत सुधार गर्न आवश्यक छ ।

• भूषण पोखरेल, अध्यक्ष, नेपाल पत्रकार महासंघ, रेडियो नेपाल शाखा

रेडियो नेपाल हिजो राजा र राजतन्त्रमुखी थियो भने आज जनताको समाचार बोक्ने माध्यम हो । राष्ट्रिय एकता र अखण्डतामा सचेत छौँ ।

काउन्सिलको टोलीको तर्फबाट :

• डा. कुमार शर्मा आचार्य, अध्यक्ष, प्रेस काउन्सिल नेपाल

मिडिया उपभोक्ता दृष्टिकोणबाट हेर्दा मूलधारका मिडियासँग बिक्ने कन्टेन्ट किन छैन् भन्ने लाग्छ । काउन्सिलमा अधिकार प्रयोग गर्न आएको होइन । कर्तव्य पालना गर्न आएको हुँ । गर्छु/गराउँछु।सोच बदलौँ । कार्यशैली बदलौँ भनेर संस्थाभित्र भनिसकेको छु किनकि दृष्टिकोण नबदली दृष्य बदलिँदैन । समस्या पिएसबीमा भन्दा न्यू मिडियामा बढी देखिन्छ । तर पनि कारबाही अघि सुधारको मौका दिनुपर्छ भन्ने मेरो दृष्टिकोण हो। प्रेस काउन्सिल र पिएसबीबिच सहकार्य हुनैपर्छ ।

• बालकृष्ण अधिकारी, सदस्य, प्रेस काउन्सिल नेपाल

पत्रको डण्डा चलाउने होइन, कर्तव्यबोध गराउने काम पनि पिसिएनले गर्छ । तपाईंहरुका कुरा पनि सुन्ने हाम्रो जोड । चीलबाट चल्ला जोगाउने चल्लाबाट करेसाबारी जोगाउने पत्रकारबाट पत्रकारिता जोगाउने ।

२२. गोरखापत्र दैनिक (२०८२।०७।२७)

गोरखापत्रको अनुगमनको क्रममा महाप्रबन्धक लालबहादुर ऐरि, प्रधानसम्पादक जुनाबरबाबु बस्नेत, द राइजिङ नेपालका सम्पादक, गोरखापत्र अनलाइन संस्करणका सम्पादक, मधुपर्क, मुनाका सम्पादकलगायतको उपस्थिति रहेको थियो । महाप्रबन्धक लाल ऐरी, गोरखापत्र दैनिकका प्रधानसम्पादक जुनारबाबु बस्नेतसहित सहभागिले गोरखापत्रको बारेमा सङ्क्षिप्त जानकारी गराउँदै पत्रकारिताको पाठशालाकै रुपमा रहेकोले गोरखापत्र एकेडेमी समेत सञ्चालन गरिएको, ***पारिश्रमिक नियमित भुक्तानी हुने गरेको***, समाचार सामग्रीको गुणस्तरमा ध्यान दिइएको, आचारसंहिता पालनामा सजग रहेको । १९५८ सालमा गोरखापत्र प्रकाशनको लागि ***देवशम्शेरले जारी गरेको प्रकाशनसम्बन्धी***

सनदलाई आचारसंहिताकै रुपमा लिनुपर्ने । विश्वमा आचारसंहिताको सुरुवात नेपालबाट भएको हो भन्ने कुरा स्थापित गर्न काउन्सिल लागिले पहलकदमी लिनुपर्ने ।

त्यसक्रममा काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्य, सदस्य बालकृष्ण अधिकारी, मुख्य अधिकृत झबिन्द्र भुसाल, सहप्रशासकीय अधिकृत रामशरण बोहरासहितको टोली सहभागी थियो । सो क्रममा काउन्सिलका अध्यक्ष डा. कुमार शर्मा आचार्यले पत्रकारिताको विकासका लागि प्रेस काउन्सिल गोरखापत्र समेतसँग हातेमालो गर्दै अघि बढ्न तयार रहेको धारणा राख्नुभएको थियो ।

ख) छलफल

नेपाल पत्रकार महासंघका पूर्व सभापति तथा अध्यक्षसँग साउन ९ गते, नेपाल पत्रकार महासंघको केन्द्रीय समिति तथा प्रदेश अध्यक्षहरूसँग कात्तिक ३० गते र काठमाडौँ उपत्यकाभित्र रहेका नेपाल पत्रकार महासंघको उपत्यका, प्रतिष्ठान र एशोशियट्स प्रदेशका शाखा अध्यक्षहरूसँग कात्तिक २७ गते छलफल गरिएको छ ।

१. नेपाल पत्रकार महासंघको उपत्यका, प्रतिष्ठान र एशोसिएट प्रदेशका शाखा अध्यक्षहरूसँग कात्तिक २७ गतेको छलफल

छलफलमा नेपाल पत्रकार महासंघका वरिष्ठ उपाध्यक्ष तथा प्रेस काउन्सिल नेपालको प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमिति सदस्य दीपक आचार्य, सूचना तथा प्रसारण विभागका शाखा अधिकृत शान्ति लामा, प्रतिष्ठान प्रदेश अध्यक्ष रमेश वाग्ले, नेपाल पत्रकार महासंघ रेडियो नेपाल शाखा अध्यक्ष भुषण पोखरेल, रेडियो कान्तिपुरका अनिल बोगटी, च्यानल नेपालका अञ्जु कार्की, न्युज २४ टिभी शाखा अध्यक्ष कृष्ण लिम्बु, एबिसी टिभी शाखा अध्यक्ष यमन पौडेल, हिमाल मिडिया शाखा अध्यक्ष रमेश कुमार, रेडियो नेपाल यशोदा अधिकारी, चलचित्र पत्रकार संघका अध्यक्ष समीर बलामी, नेपाल पत्रकार महासंघ काठमाडौँ शाखा अध्यक्ष शोभा अर्याल, पत्रकार टिका उप्रेती, नेपाल पत्रकार महासंघ भक्तपुर शाखा अध्यक्ष सुरेन्द्र शिल्पकार, गोरखापत्रका सरोज ढुंगेल, उपत्यका प्रदेश अध्यक्ष टेनिस रोका, पत्रकारिता विकास समाजका अध्यक्ष माधव तिवारी, नेपाल टेलिभिजनका सलोजा दाहाल, सौर्य दैनिकका विक्रम रत्न, इमेज च्यानल शाखा अध्यक्ष शङ्कर खनाल, नयाँपत्रिका दैनिक शाखा अध्यक्ष नवराज दाहाल, गोरखापत्र शाखा अध्यक्ष दिपक श्रेष्ठ, कामना न्यूज शाखा अध्यक्ष भगवती तिमिल्सना, राससका पूर्णप्रसाद मिश्रको सहभागिता रहेको थियो । छलफलमा निम्न विषय प्रमुखताका साथ उठाइएको थियो ।

- श्रमजीवी पत्रकारका समस्या समाधानका लागि महासङ्घले कार्य गरिरहेको । हामीसँग मिडियाबाट भिक्टिम भएकाहरुको उजुरीको ओइरो आउने गरेको छ । मिडियाबाट भिक्टिम यहाँ आउँदा उसलाई न्याय दिन सक्छौँ । त्यसैले पत्रकारहरूलाई सर्वप्रथम कानुनी उपचार दिनुपर्नेछ । पत्रकारको आवरण गरिने गलत प्रवृत्ति रोकथाम गर्नुपर्छ ।

- पत्रकारहरूले आचारसंहिता आफैंले बनाएता पनि आत्महत्या र मृत्युसम्बन्धी समाचार सम्प्रेषण नगरौं । पत्रकारहरूको योग्यताका विषयमा समेत सूचना तथा प्रसारण विभागले स्पष्ट खाका निर्माण गरिसकेको छ । सबैको सहकार्यमा मर्यादित पत्रकारितातर्फ गर्नुपर्ने आजको आवश्यक हो ।
- पत्रकारको आवरणमा जुन विकृति आएको छ त्यसले पत्रकार हुँ भन्न पनि अप्ठ्यारो अवस्था छ । पत्रकारलाई भौतिक आक्रमण भइरहेको छ । पत्रकारको आवरणमा हुने जुन अराजकता र विकृति बढेको छ, त्यसलाई प्रेस काउन्सिलले रोक्नुपर्ने अवस्था छ ।
- व्यक्तिभन्दा पनि समग्र मुलुककै समस्या हो । अन्य क्षेत्रमा चोरी गरेपछि पुलिसले समाउँछ भनेझैं पत्रकारहरूले पनि गलत समाचार लेख्दा पनि सजाय हुने व्यवस्था हुनुपर्यो।
- जेन्जी प्रदर्शनपश्चात् पत्रकारलाई हेर्ने दृष्टिकोणमा पनि फरक आएको छ । पत्रकारहरूको पहिचान गरी श्रेणी विभाजन गर्नुपर्ने आजको आवश्यकता छ।
- अचेल अनलाइन फरक-फरक डटकम राखेर दर्ता गर्ने परिपाटी बढ्दो छ । यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्नेतर्फ काउन्सिल जोडतोडको साथ लाग्नुपर्छ ।
- पत्रकारले समाचार लेख्छन् त्यसमा 'फेक' उजुरी पर्छन् । काउन्सिलले त्यसलाई ब्लाक लिष्टमा राख्छ । फेरि अर्को अनलाइन दर्ता गर्छन् । फेरि काम गर्दछन् । तिनीहरूलाई निरुत्साहित गर्ने काम काउन्सिलले गर्नुपयो ।
- अचेल सत्य र असत्यबिचको समाचारबिच द्वन्द्व चलिरहेको अवस्था छ । यस सन्दर्भमा एउटा उखान छ- "जब सत्यले जुत्ता लगाउँदै हुन्छ त्यतिबेला असत्यले चार गाउँ दौडिसकेको हुन्छ ।" यसर्थ सूचना र समाचार, पत्रकार को हो, को होइन र आमसञ्चार के हो र के होइन भन्ने द्विविधाको अन्त्य छलफलमार्फत गरिनु जरुरी छ ।
- चलचित्र पत्रकारितामा 'गसीप'लाई हेर्ने दृष्टिकोण अलि पृथक पाइन्छ । कतिपय कुराहरू रसरङ्गलाई आमपाठकले सकारात्मक रुपमा लिएतापनि समालोचकहरूले आ-आफ्ना पृथक धारणा राखेका पाइन्छ । जेन्जी प्रदर्शन पछाडि 'फेक' न्यूजको कारखाना हवातै बढेको आभास हुन्छ ।
- नेपालका सरकारी मिडियाबाहेक कुनै पनि मिडियाले आचारसंहिताको अक्षरस पालना गरेको अवस्था देखिँदैन । यसर्थ हामीले सामाजिक सञ्जाललाई हेर्ने दृष्टिकोण, भाषाभाषी मिडियामा समेत आचारसंहिताको समयसापेक्ष ढंगमा परिवर्तन गर्नु आवश्यक भैसकेको छ।
- अचेल प्रविधिका कारण रिपोर्टिङ गर्ने काममा सहजता प्रदान भएको छ । तथापि जेन्जी प्रदर्शनपछि 'मिडिया ट्रायल' अत्याधिक रुपमा भइरहेको अवस्थामा सत्य, तथ्य र जनमुखी समाचारहरू ओझेलमा परिरहेको भान हुन्छ । 'मिडिया ट्रायल' गर्न मुलधारका मिडियाहरूले समेत प्रयोग भइरहेका कारण उनीहरूलाई काउन्सिलले सही ट्राकमा ल्याउनुपर्ने बेला भइसकेको छ ।

- अहिले अत्याधिक सञ्चार माध्यमहरू बढेका कारण काउन्सिलले अब अनुगमनको शैलीमा पनि परिवर्तन गर्नुपर्ने देखिन्छ । मिडिया दर्ता प्रक्रियापूर्व नै कुनखाले सञ्चार माध्यम हो सो सम्बन्धित पत्रकार र मिडिया आफैंले आचारसंहिता पालना गर्न फाराम भराएर प्रतिवद्दतसहित उसको राय प्रतिक्रिया लिन सकिन्छ ।
- अहिले सञ्चारमाध्यममा पेशागत सुरक्षाको समस्या एकदमै जटिल अवस्थामा छ । सबै पत्रकारहरूको एउटै साझा पीडा के हो भने-पत्रकारले सबैका समस्याहरूका बारेमा उजागर गर्ने गर्दछ, तर आफ्नै सेवा र पेशागत सुरक्षाको बारेमा कहिल्यै बोल्न सक्दैन ।
- पहिले पहिले पत्रकारभन्दा ठुलै मानसम्मान हुन्थ्यो । अहिले 'पत्रकार' हुँ भन्ने स्थिति छैन। मौसफलमा जाँदा सुन्ने गरिन्छ पत्रकारहरूले पुलिससँग यति पैसा लिन्छ, उति पैसा लिन्छ । त्यसैले समाजमा १० प्रतिशतले नराम्रो र ९० प्रतिशतले राम्रो काम गरेता पनि १० प्रतिशत नराम्रोको बाहुल्यता बढ्दो देखिएको छ अचेल पत्रकारिता क्षेत्रमा पनि ।
- अन्य क्षेत्रजस्तै पत्रकार लाइसेन्सको व्यवस्था भए पत्रकारिता क्षेत्रको विकृति केही हदसम्ममा न्यून हुन सक्छ भन्ने लाग्दछ ।
- कुनै पत्रकार पेसामा नै सक्रिय छ तर कुनै कारणले परिचयपत्र नवीकरण हुन सकेको छैन र निरन्तर काम गरिरहेको प्रमाण पेस गर्दछ भने उसले सुरुमै पाएको परिचयपत्रलाई निरन्तरता दिने व्यवस्था मिलाउनुपर्ने ।
- हरेक आर्थिक वर्षमा सूचना तथा प्रसारण विभागमा सबै सञ्चारगृहले आफ्ना कर्मचारी तथा पत्रकारको अद्यावधिक विवरण बुझाउने गरेका छन् । त्यसका आधारमा सेवा सुविधामा बढोत्तरी भए नभएको र समयमा सेवा सुविधा दिए नदिएको मूल्याङ्कन गरी पत्रकारलाई परिचयपत्र नदिएर होइन प्रकाशक सञ्चालकलाई कारबाहीको दायरमा ल्याउनुपर्ने ।
- हरेक आर्थिक वर्षमा सूचना तथा प्रसारण विभागमा बुझाइएको अद्यावधिक विवरणमा श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिक कार्यान्वयन नगर्ने आमसञ्चार माध्यमलाई सरकारी विज्ञापन प्रकाशन तथा प्रसारणका साथै राज्यले दिने सबैखाले सेवा र सुविधा कटौती गर्नुपर्ने ।
- जेन्जी प्रर्दशन अघि र पछिका घटना हेर्दा अनलाइन मिडिया आतङ्क बढेको छ । भाइरलको उपनाम पाएको अनलाइन सञ्चार माध्यमले चिकित्सक र वकिल पेसाजस्तै गल्ती गरेको खण्डमा पत्रकारले पनि पत्रकारिता क्षेत्रबाट हात धुनुपर्ने अवस्था छैन ।
- फेसबुक र सामाजिक सञ्जालमै लेखेकै भरमा हामीले केही गर्न सक्दैनौ । यसर्थ स्थानीय तहमा समेत पत्रकार आचारसंहिताको बारेमा व्यापक छलफल हुनुपर्‍यो ।
- अचेल अनलाइनहरूमा समाचार किनबेच हुँदोरहेछ । त्यस्ता गलत मनसाय भएका पत्रकारलाई प्रेस काउन्सिलले कस्तो किसिमको कारबाही गर्ने हो त्यो छिटो गर्नुपर्यो ।
- पत्रकार स्वयं आफू विवेकशील र नैतिकवान भए समाजमा स्वच्छ समाचार पस्कन सकिन्छ । त्यसैले सबै पत्रकारहरू नैतिकवान, अनुशासित र सकारात्मक भावनाका समाचार लेख्ने बानी बसाल्न अनुरोध छ ।

- पूर्ण प्रेस स्वतन्त्रता संविधानमै उल्लेख छ । यसका बारेमा बहस धेरै गरिरहनुपर्छ जस्तो लाग्दैन । काउन्सिलले नियमन होइन, प्रेस काउन्सिलबाट नै पत्रकार पीडित छन् ।
- अब हरेक पत्रकारलाई सदाचार र आचारसंहिताभित्र रही मर्यादित पत्रकार गराउनका लागि योग, ध्यान, साधनासहित आध्यामिक जागरण ल्याउन आवश्यक पर्दछ । त्यसो हुन सकेको खण्डमा मात्र स्वच्छ, स्वतन्त्र र मर्यादित पत्रकारिताको विकास हुन सक्दछ ।
- अचेल प्रविधिको दूततर विकाससँगै जनमानसमा सत्य समाचारलाई समेत एआइको नाममा झुट प्रचार गर्ने क्रम बढेको छ । यसर्थ, अब प्रेस काउन्सिल नेपालले एआई र पत्रकार स्वयंले क्रियशन गरेको समाचार सामग्रीलाई तथ्य जाँच गरी त्यसको टुङ्गो लगाउनु जरुरी छ ।
- प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकार र आचारसंहिताका कुराहरू बेलाबखतमा धेरै उठेता पनि छलफलका विषयवस्तुमाथि तत्काल एक्सनमा ल्याउन नसक्दा समस्या ज्यूँकात्यूँ रहेको अवस्था छ । यसप्रति हामी सचेत हुन जरुरी छ ।
- प्रेस काउन्सिल नेपालले प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकार र आचारसंहिताको कुराहरु उठाउन बडो जायज कुरा हो । तर यसलाई कार्यान्वयन गर्नेतर्फ दत्तचित्त भई लाग्नेछ भन्ने आशा र विश्वास छ ।
- अब हामी सबै पत्रकारहरूले विधि र विधानअनुसार चल्नु पर्दछ । अहिले मिडिया घरलौरी भइसकेका छन् । विडम्वनापूर्ण कुरा अहिले नराम्रा कुरा बजारमा बिकाऊ हुन्छ, विकृतिहरू रोक्दै सकारात्मक सन्देश मिडियाले दिनुपर्छ ।
- जनमुखी पत्रकारहरूको पक्षमा प्रेस काउन्सिल नेपालले आगामी कदम अझै शसक्त ढंगबाट अगाडि बढाओस् ।
- कुन पत्रिका कुन वर्गमा बस्ने भनेर स्वघोषणाको व्यवस्था गर्नुको साथै अहिले मापदण्ड पुनरावलोकन गर्नुपर्ने ।
- कोरोना भाइरसको सङ्कटसँगै विज्ञापन बजारमा आएको सङ्कुचनले श्रमजीवी पत्रकारलाई समयमा सेवासुविधा उपलब्ध गराउन नसकेको अधिकांश प्रकाशक तथा सञ्चालक र तिनका प्रतिनिधिहरूको एक प्रकारको स्वीकारोक्ति रहेको छ । यसबाट सञ्चार माध्यम, पत्रकार र पत्रकारितालाई जोगाउन सरकारले आवश्यक प्रबन्ध गर्नुपर्ने ।
- सरकारी विज्ञापनबापत ठुलो रकम खर्च भए पनि सञ्चार गृहमा एक चौथाइमा पनि नपुग्ने अवस्था विद्यमान रहेको र त्यसको अन्त्य गरी सम्बन्धित सञ्चारमाध्यमले सम्पूर्ण रकम पाउने प्रबन्ध मिलाउनुपर्ने । त्यसो हुन सके अहिले देखिएको श्रम समस्याको एक हदसम्म न्यून हुनसक्ने ।
- अहिले हाम्रोसामु मिडियाकर्मी को हुन्, होइनन त्यसको पहिचान गर्नुपर्ने । र, प्रेस स्वतनत्रताको भरपुर प्रयोग भइरहेको छ कि छैन भन्ने बारेमा सञ्चार माध्यमहरूमा काउन्सिललगायतका सरोकारवाला निकायले अनुगमन हुन जरुरी छ ।

- प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता विपरीत नै पोष्ट डिटिल गर् भन्दै चिठी पठाउँछ । अहिलेको विषम परिस्थितिमा हामीले आंशिक रुपमा पत्रकार आचारसंहिताको पालना गरेका छौं । विडम्बनापूर्ण, काउन्सिलले अनुगमन प्रभावकारी ढंगले गरिरहेको भनिरहन्छ, देशै टुक्रिने अभिव्यक्ति समेत काउन्सिलले थाहा पाउँदैन ।
- पत्रकारिताको विकास र उन्नायनका निम्ति सर्वप्रथम 'साहुजी र पत्रकार' को-को हुन् छुट्याउन जरुरी छ । पत्रकारले मात्र समाचार विनास्वार्थ पस्किन सक्छ, साहुका अनेकन स्वार्थ हुन्छन् । सोसल मिडिया प्रेस काउन्सिलको पाटो होइन ।
- साइबर ब्यूरोले नेताको पावर लगाएर पत्रकार पक्राउ गर्नुपर्यो भने तुरुन्तै खोजेर ल्याउँछ, अरुलाई टेरपुच्छर नै लगाउँदैन । अहिले मेन स्ट्रीम मिडियाको अवस्था नाजुक छ ।
- अहिले नेपाली समाजमा जुन मिडियाले ठुलो बोल्छ र अनेकन गाली गर्छ त्यो मिडिया र पत्रकार ठुलो पत्रकार हो भन्ने भाष्य सिर्जना भइरहेको छ । वास्तवमा यो कुरा साह्रै विडम्वनापूर्ण कुरा हो ।

  छलफलकै क्रममा **प्रेस काउन्सिल नेपालका तर्फबाट** सदस्यहरु बालकृष्ण अधिकारी, नकुल अर्याल, विजयराज अधिकारी, पदमराज जोशी र शन्तराम बिडारीले निम्नानुसारका धारणा राख्नुभएको थियो ।
- प्रेस स्वतन्त्रता हनन हुन नदिन काउन्सिल दत्तचित्र भई कार्य गरिरहेको छ । पत्रकार आचारसंहिता नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले संयुक्त रूपमा जारी गरिएको हुनाले स्वय् पत्रकार समेत सचेत हुनुपर्नेछ ।
- आचारसंहिता पालनामा एकअर्कालाई दोषारोपण गर्नुभन्दा सहकार्य गरेर समस्या समाधान गर्न सकिने ।
- पत्रकार आचारसंहिता, पत्रपत्रिका वर्गीकरण र पुरस्कार वितरणको विषयमा पर्याप्त छलफल र सरोकारवालाका सुझावअनुसार काम भइरहेको छ ।
- सञ्चार माध्यमसँगको सहकार्यमा नै काउन्सिल अगाडि बढ्ने छ ।
- पत्रकार आचारसंहिताको पालनाबाट पत्रकारिता विश्वसनीय हुनेछ ।

२. नेपाल पत्रकार महासंघ केन्द्रीय समिति तथा प्रदेश अध्यक्षहरूसँग कात्तिक ३० गतेको छलफल

छलफलमा नेपाल पत्रकार महासंघका अध्यक्ष निर्मला शर्मा, प्रेस काउन्सिल नेपालका बोर्ड सदस्यहरु कुमारी निमा काफ्ले, नकुल अर्याल, विजयराज अधिकारी, शन्तराम बिडारी, नेपाल पत्रकार महासंघ वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, उपाध्यक्षाद्वय उमीद बागचन र नितु पण्डित, सचिवहरु रमेश खतिवडा, प्रकाश धौलाकोटी, सविन प्रियासन, कोषाध्यक्ष रामकृष्ण अधिकारी, लेखा समिति संयोजक केसी लामिछाने, केन्द्रीय सदस्यहरु अर्जुन पन्त, ललिता शाह, योगेन्द्रबहादुर बलायर, सुरेश पन्त, मनुका कुँवर, लवदेव ढुंगाना, रीता बुढाथोकी, पवित्रा

मुडभरी, तुलाराम पाण्डे, माला पालुङ्वा(लिम्बु), कमल रिमाल, भरत जर्घामगर, रामराज पोखरेल, केबि राना, वीरेन्द्र ओली, सूर्य सुवेदी, नगेन्द्रप्रसाद उपाध्याय, नारायणप्रसाद अधिकारी, छविलाल तिवारी, राजेशकुमार कर्ण, नवराज पथिक, राजकरण महतो, एशोसियट्स प्रदेश अध्यक्षहरु रोयल आचार्य, कोशीप्रदेश अध्यक्ष भरत खड्का, मधेस प्रदेश अध्यक्ष श्याम बञ्जरा, लुम्बिनी प्रदेश अध्यक्ष शुक्रऋषि चौलागाइँ, गण्डकीप्रदेश अध्यक्ष रमेश पौडेल, कैलाली अध्यक्ष श्रवण देउजा, सुनसरी अध्यक्ष सन्तोष काफ्लेको सहभागिता थियो ।

भूगोल र कार्यस्थलमा पत्रकारहरूका वस्तुगत समस्याका सन्दर्भमा जानकारी लिने, प्रेस स्वतन्त्रता, आचारसंहिताको पालनाबारे छलफल गर्ने उद्देश्यका साथ कार्यक्रम आयोजना गरिएको थियो । कार्यक्रममा राज्यको तर्फबाट प्रेस स्वतन्त्रता हनन हुन नदिन काउन्सिल दत्तचित्र भई कार्य गरिरहेको, पत्रकार आचारसंहिता नेपाल पत्रकार महासंघ र प्रेस काउन्सिल नेपालले संयुक्त रूपमा जारी गरिएको हुनाले सबैले पालना गर्नुपर्ने भन्दै आचारसंहिता कार्यान्वयन गर्न कटिबद्ध हुनुपर्नेमा काउन्सिलको जोड थियो । काउन्सिलबाट सम्पादित कार्यलाई अझ प्रभावकारी बनाउने उद्देश्यका साथ फोकल पर्सन समेत तोकेको जानकारी गराइएको थियो । त्यसक्रममा सहभागीबाट निम्नअनुसारका धारणा व्यक्त भएको थियो ।

- पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६)लाई पनि थप परिमार्जन गर्न आवश्यक रहेको । आचारसंहिता पालनामा एकअर्कालाई दोषारोपण गर्नुभन्दा सहकार्य गरेर समस्या समाधान गर्न सकिने ।
- सबै पत्रकारहरूले पत्रकार आचारसंहिताको मर्म बुझेर पत्रकारिता गर्नुपर्ने, रक्षक बन्ने कि भक्षक बन्ने' हामी स्वयं पत्रकारको काँधमै जिम्मेवारी र दायित्व हो । त्यसैले सबैले यो कुरा मनन गर्नु आवश्यक छ ।
- प्रेस काउन्सिललाई साइबर ब्यूरोले काँधमा राइफल पड्काइरहेको छ । तर साइबरब्यूरोले काउन्सिलको क्षेत्राधिकार किन सोधेन ? मिडियाको विकासको पाटोमा सरकार चुकेकोजस्तो लाग्छ । भ्यूजको आधारमा अनलाइनमै सबैले विज्ञापन दिन थाले । सरकारको तीनतहको संरचनाअनुसार व्यवस्थापन गर्न नसक्दा मिडिया मारमा परेको छ ।
- सूचना तथा प्रसारण विभागले उपलब्ध गराउने पत्रकार परिचयपत्र पाउने पत्रकारको अधिकार हो । तर, प्रकाशक तथा सञ्चालकले तलब सुविधा नदिएबापत पत्रकारलाई कार्ड समेत नदिइ दण्डित हुने अवस्था छ । प्रेस पास नपाउँदा सिंहदरबारसहितका सूचनाको पहुँचसम्म पनि पुग्नबाट वञ्चित हुनुपरेको छ ।
- पत्रकार परिचयपत्रको अभावमा अहिले मात्र होइन सरकारले दिने अन्य सुविधाबाट नै पत्रकार वञ्चित हुनुपरेको र भविष्यमा ज्येष्ठ पत्रकार सुविधा पनि गुमाउने अवस्था आएको छ । यसको अन्त्य हुनुपर्छ ।

- निरन्तर तीन महिनासम्म पत्रकारले पाउनुपर्ने सेवा सुविधा उपलब्ध नगराउने सञ्चार माध्यमलाई चौथो महिना सरकारी विज्ञापन प्रकाशन तथा प्रकाशनमा रोक लगाउने र यदि कुनै निकायले त्यस्ता सञ्चार माध्यममा विज्ञापन गरेमा व्यक्तिबाट नै रकम भराउने व्यवस्था गर्नुपर्ने ।
- त्यसपछि पनि सेवा सुविधा उपलब्ध नगराए छैटौँ महिना देखि सरकारले दिने सम्पूर्ण सेवा सुविधा रोक्ने र दोस्रो चौमासिकसम्म पनि अवस्थामा सुधार नआए सञ्चारमाध्यम, सम्पादक तथा प्रकाशकसम्मलाई कालो सूचीमा राख्नुपर्ने ।
- अहिले संविधान र विधान मिच्ने कार्य भइरहेको छ । आचारसंहितासम्बन्धी काउन्सिलले अनुगमन गरिरहेको पर्याप्त छैन। सीमित कर्मचारीको बाबजुद पनि काउन्सिलले काम गरेता पनि यसलाई बढावा दिन आवश्यक देखिन्छ ।
- काउन्सिलले संविधानले परिकल्पना गरेभन्दा बाहिर गएर मिडिया बन्द गर्न पत्र काट्ने काम गरेको त छैन भन्ने आशंका उब्जिएका छन् ।
- पत्रकार आचारसंहिताको कुरा राजधानीमा बसेर मात्र होइन । मोफसलमा पत्रकारको पीडा पृथक किसिमको छ । समयसान्दर्भिक रूपमा पत्रकार आचारसंहिता परिमार्जनको आवश्यक छ ।
- पत्रकार सुरक्षा र सोसल मिडियासम्बन्धी नीति कडाइका साथ लागु गर्नुपर्ने देखिन्छ । सामाजिक सञ्जाल निगमन हुनुपर्छ । सातवटै प्रदेशमा कार्यक्रम गर्नुपर्ने देखिन्छ ।
- प्रेस स्वतन्त्रताको नाममा हामीले जानेर पनि पत्रकारले बलमिचाइँ गरिरहेका छौँ । प्रेस काउन्सिल नेपालले आफ्नो क्षेत्राधिकार विस्तार गर्नुपर्यो । प्रदेशस्तरसम्म पत्रकार महासंघसँग मिलेर कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ ।

३. नेपाल पत्रकार महासंघका पूर्वसभापति/अध्यक्षहरू तथा सरोकारसँगको छलफल साउन ९ गते

यो छलफलमा नेपाल पत्रकार महासङ्घका अध्यक्ष निर्मला शर्मा, पूर्वसभापतिहरू किशोर नेपाल, सुरेश आचार्य, विष्णु निष्ठुरी, पूर्वअध्यक्षहरू शिव गाउँले, विपुल पोखेल, न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष संगिता खड्का, विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाइँ, नेपाल पत्रकार महासङ्घका वरिष्ठ उपाध्यक्ष दीपक आचार्य, प्रेस सेन्टर नेपालका अध्यक्ष कमल गिरी, प्रेस चौतारी नेपालका महासचिव हिरामान लामा, आदिवासी जनजाती पत्रकार महासङ्घ (फोनिज)का अध्यक्ष लक्की चौधरी, नेपाल-अमेरिका पत्रकार सङ्घका अध्यक्ष सुरज भण्डारीले सुझाव राख्नुभएको थियो । प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिका संयोजक बालकृष्ण अधिकारी, सदस्यहरू विजयराज अधिकारी, शन्तराम बिडारीले प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हितका विषयमा उहाँहरूसँग राय माग गर्नुभएको थियो । त्यसक्रममा काउन्सिलका सदस्यहरू कुमारी निमा काफ्ले, नकुल अर्याल, पदमराज जोशी, भीमलाल श्रेष्ठ, रामप्रसाद दाहाल, काउन्सिलका

मुख्य अधिकृत झबिन्द्र भुसाल, नेपाल प्रेस युनियनका उपाध्यक्ष जीवन भण्डारीको उपस्थिति रहेको थियो । **उहाँहरूका सुझाव तपशिलअनुसार रहेका छन् ।**

- प्रेस काउन्सिल नेपालले पत्रकार आचारसंहिता बनाइ त्यसको कार्यान्वयन गर्नुका साथै प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारको हितमा काम गर्दै आएको विषय अवगत नै छ ।
- पत्रकारिताको पेसागत उच्चतम आचरण कायम राखी स्वस्थ, स्वतन्त्र र उत्तरदायी पत्रकारिताको विकास तथा सम्बर्द्धनका लागि काउन्सिलले छापादेखि डिजिटल प्लेटफर्ममार्फत सञ्चालित न्यु मिडियाको अनुगमन गर्नुपर्छ ।
- प्रेस काउन्सिल नेपालको पुनर्संरचना हुनुपर्दछ । काउन्सिलले उद्देश्य, काम, कर्तव्य र अधिकारभित्र रहेरै काम गर्नुपर्दछ । प्रमुख कार्य सञ्चार माध्यमबाट सम्प्रेषित सामग्री अनुगमन र नियमन गर्ने भए पनि राज्य संयन्त्रबाट सञ्चार माध्यमप्रति अनुदार हुँदा त्यसको प्रतिवाद गर्न र पत्रकार र सञ्चार माध्यमले गलत गर्दा सचेत गराउन पछि हट्न हुँदैन ।
- काउन्सिललाई मिडिया हाउसभित्रको शासकीय स्वरुपभित्र छिरेर नियमन गर्नसक्ने निकाय बनाउनुपर्छ ।
- काउन्सिलको मुख्य काम नै आचारसंहिता अनुगमन भएकाले अनुगमन अझ प्रभावकारी बनाउनुपर्छ । आचारसंहिता तथा सञ्चार निर्देशिका र प्रेस स्वतन्त्रता अनुगमनको दायरा बढाएर बोर्डबाट नै विभिन्न कोणबाट यसको अनुगमन गर्नुपर्दछ ।
- काउन्सिलको गरिमालाई बचाइराख्न पत्रपत्रिका वितरण सम्परीक्षणको काम अन्य निकायमा लैजानुपर्छ ।
- काउन्सिललाई पुरस्कार वितरण गर्ने निकाय बनाइनुहुँदैन । काउन्सिलको गौरव बढाउने गरी सीमित पुरस्कार वितरण हुनुपर्छ ।
- श्रमजीवी पत्रकार र सञ्चार माध्यमप्रति राज्य र यसका निकायहरूलाई सकारात्मक बनाउन भूमिका खेल्नुपर्दछ ।
- प्रेसलाई सङ्कुचित गर्ने गरी विभिन्न कानुनहरू ल्याइने गर्दछन् । २०४६ सालको परिवर्तन वरिपरि बनाइएका कानुनका आधारमा अहिलेको सञ्चार माध्यम नियमन हुने र तिनै कानुनबाट मिडिया सञ्चालन हुनसक्ने अवस्था छैन । सञ्चारसम्बद्ध अन्य कानुन बनाउँदा र भएका कानुनको दुरुपयोग हुन नदिन सराकोरवाला निकायसँग समन्वय गर्न सरकारलाई सुझाव दिनुपर्छ ।
- श्रमजीवी पत्रकारलाई सामाजिक सुरक्षा कोषमा आबद्ध गराउन विद्यमान कानुनी जटिलतालाई सरल बनाएर सञ्चार माध्यमलाई यसमा अनिवार्य जोडाउनुपर्छ ।
- प्रेसमाथि नागरिकबाटै प्रश्न उठ्न थालेको छ । यसको विश्वसनीयता मर्दै गएको छ, यसलाई खोतल्दै जाने हो भने यो विषय प्रेस स्वतन्त्रताभन्दा पर जान्छ ।

- कानुन निर्माणको प्रक्रियामा राज्यको कमजोरी र उदासिनताले मिडियाजगत्ले दुःख पाइरहेको र वर्षेनी प्रेस स्वतन्त्रता हनन्का उही प्रकृतिका घटना बढ्नुको कारण खोजिनुपर्छ ।
- सञ्चार माध्यमको प्रकृति बदलिँदै जाँदा लगानीकर्तालाई पत्रकार ठानिने तर डिजिटल प्लेटफर्मबाट सञ्चारकर्म गर्नेलाई पत्रकार नठान्ने प्रवृत्ति र सोच हटाइ काउन्सिल तथा सम्बद्ध सरोकारवाला निकायले उनीहरूलाई आचारसंहिताको परिधिभित्र ल्याउने र पेसागत दक्षता वृद्धिका लागि सघाउनुपर्छ ।
- सामाजिक सञ्जालहरू प्लेटफर्म भएकाले यसलाई मिडिया भनेर बुझाउनुहुँदैन । मिडियामा आएका 'कन्टेन्ट माथि मिडियालाई झैं प्रश्न उठाउन हुँदैन ।

ग) सर्वेक्षण

काठमाडौं उपत्यकाभित्र र बाहिर प्रेस काउन्सिल नेपालले आयोजना गरिएको कार्यक्रममा सहभागी तीन सय पत्रकारलाई सञ्चार माध्यममा प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकार, पत्रकार आचारसंहिता, र सञ्चार माध्यमको अवस्थाबारे यथार्थपरक जानकारी लिन प्रश्नावली उपलब्ध गराइएको थियो । प्रश्नावलीमा ९ वटा बन्द र २ वटा खुला प्रश्न सोधिएको थियो । यस क्रममा प्राप्त नतिजा देहायबमोजिम रहेका छन् ।

प्रश्न नं. १ तपाईं कार्यरत सञ्चार माध्यममा प्रेस स्वतन्त्रताको अवस्था कस्तो छ ?



सहभागीमध्ये सबैभन्दा बढीले आफू कार्यरत सञ्चार माध्यममा प्रेस स्वतन्त्रताको अवस्था उत्तम रहेको बताएका छन् । यसो भन्नेमा १६० जना अर्थात् ५३ प्रतिशत, यस्तै १११ जना अर्थात् ३७ प्रतिशतले मध्यम र २९ जना अर्थात् १० प्रतिशतले कमजोर भनेका छन् ।

प्रश्न नं. २ तपाईं कार्यरत सञ्चार माध्यममा श्रमजीवी पत्रकारको अवस्था कस्तो छ ?



१७४ जना अर्थात् ५८ प्रतिशतले नराम्रो, ८९ जना अर्थात् ३० प्रतिशतले राम्रो र ३७ जना अर्थात् १२ प्रतिशतले अन्य भनी जवाफ दिएका छन् ।

प्रश्न नं ३ तपाईं कार्यरत सञ्चार माध्यमबाट समयमा तलब पाउनुभएको छ ?



२३३ जना अर्थात् ७८ प्रतिशतले आंशिक भनी जवाफ दिएका छन् भने १७ जना अर्थात् ५ प्रतिशतले पाएका छौं र ५० जना अर्थात् १७ प्रतिशतले छैन भनी जवाफ दिएका छन् ।

प्रश्न नं. ४ तपाईं कार्यरत सञ्चार माध्यमबाट नियुक्ति पत्र पाउनुभएको छ ?



२६३ जना अर्थात् ८८ प्रतिशतले छैन भनेका छन् भने ३७ जना अर्थात् १२ प्रतिशतले छ भनी जवाफ दिएका छन् भने अन्यमा कसैले जवाफ दिएका छैनन् ।

प्रश्न नं. ५ तपाईं कार्यरत सञ्चार माध्यममा पत्रकार आचारसंहिता पालनाको अवस्था कस्तो छ ?



२३० जना ७७ प्रतिशतले पूर्णरूपमा पालना भएको जनाएका छन् भने आंशिकरूपमा पालना भएको भन्नेको सङ्ख्या ६७ जना अर्थात् २२ प्रतिशत र आचारसंहिताको हिसाबले कमजोर भन्नेको सङ्ख्या ३ जना अर्थात् १ प्रतिशत रहेको छ ।

प्रश्न नं. ६ तपाईं कार्यरत सञ्चार माध्यममा विगत र अहिले पत्रकार र सञ्चारकर्मी र अन्य कर्मचारी सङ्ख्याको अवस्था के छ ?



१-१० भन्नेको सङ्ख्या ११५ जना अर्थात् ४४ प्रतिशत, १०-३० भन्नेको सङ्ख्या ८१ जना अर्थात् ३१.१५ प्रतिशत र ३० भन्दामाथि भन्नेको सङ्ख्या ६४ जना अर्थात् २५ प्रतिशत रहेको छ ।

प्रश्न नं. ७ तपाईं कार्यरत सञ्चार माध्यमले संस्था टिकाइराख्न वैकल्पिक योजना बनाएको छ ?



छैन भन्नेको सङ्ख्या २६६ जना अर्थात् ८९ प्रतिशत छ भने अन्य भन्नेको सङ्ख्या २७ जना अर्थात् ९ प्रतिशत र छ भन्नेको सङ्ख्या ७ जना अर्थात् २ प्रतिशत रहेको छ ।

प्रश्न नं. ८ तपाईं कार्यरत सञ्चार माध्यममा स्वास्थ्य बिमा र सामाजिक सुरक्षाको कार्यान्वयनको अवस्था के छ ?



१४७ जना अर्थात् ४९ प्रतिशतले स्वास्थ्य बिमा र सामाजिक सुरक्षा कार्यान्वयन नभएको, ९१ जना अर्थात् ३० प्रतिशतले एउटा भएको र ५८ जना अर्थात् १९ प्रतिशतले दुवै भएको जवाफ दिएका छन्। ४ जना अर्थात् २ प्रतिशतले यसबारे कुनै जवाफ दिएका छैनन् ।

प्रश्न नं.९ तपाईं कार्यरत सञ्चार माध्यमले पत्रकार आचारसंहिता क्षमता अभिवृद्धिका कार्यक्रम गर्ने गरेको छ ?



आचारसंहितासम्बन्धी तालिम भएको छैन भन्ने २५० जना अर्थात् ८३ प्रतिशत, तालिम भएको छ भन्ने २७ जना अर्थात् ९ प्रतिशत छन् । यस्तै २३ जना अर्थात् ८ प्रतिशतले कुनै जवाफ दिएका छैनन् ।

प्रश्न ख मा सोधिएको क्षमता अभिवृद्धिका अन्य तालिमबारे ?



छैन भन्ने २४८ जना अर्थात् ८३ प्रतिशत, छ भन्ने २९ जना अर्थात् ९ प्रतिशत र कुनै जवाफ नदिने २३ जना अर्थात् ८ प्रतिशत रहेका छन् ।

प्रश्न नं. १० तपाई आफू कार्यरत सञ्चार माध्यमलाई नवीनतम के सुझाव दिन चाहानुहुन्छ ?

यस प्रश्नको उत्तरमा विकसित प्रविधिहरू प्रयोगमा ल्याउनुपर्ने, खोजमूलक समाचार प्रकाशन गर्नुपर्ने, तालिमको अवसर दिनुपर्ने, सामाजिक सुरक्षा कोषमा आबद्ध गराउनुपर्ने, श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्नुपर्ने जस्ता सुझाव प्राप्त भएका छन् ।

प्रश्न नं. ११ प्रेस काउन्सिलप्रति तपाइँको अपेक्षा के छ ?

यस प्रश्नको जवाफमा निम्नानुसार विषय प्राप्त भएका छन् :-

- आवश्यकताअनुसार तालिम प्रदान गर्ने
- स्थानीय तहको विज्ञापन स्थानीय मिडियाले पाउनुपर्ने गरी व्यवस्था गर्न पहल गर्नुपर्ने
- वर्गीकरण वर्षेनी र निरन्तर गर्नुपर्यो ।
- पत्रपत्रिका वितरण स्थितिको प्रभावकारी अनुगमन गर्नुपर्यो (स्थानीय संघसंस्था, वाचनालय, पुस्ताकालय, सरकारी निकायमा समेत)

- संघ, प्रदेश र स्थानीय तहबिच समन्वयको भूमिका निर्वाह होस्
- लोककल्याणकारी विज्ञापन अनलाइनलाई समेत दिन पहल गरोस्
- पत्रकार आचारसंहिता समयानुकूल परिमार्जन एवं प्रभावकारी रुपमा अनुगमन होस्
- जिल्ला, प्रदेशस्तरमा छलफल कार्यक्रमहरु नियमित गर्ने ।
- मिडिया क्षेत्रमा वर्षेनी देखिएका कानुनी, नीतिगत अस्पष्टता जटिलतालाई समाधान गर्ने गरी कार्य गरोस् ।

६. सुझाव र निष्कर्ष

१. सुझाव

प्रेस काउन्सिल नेपाल, प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमितिले काठमाडौँमा सञ्चालनमा रहेका प्रमुख टेलिभिजन च्यानल, छापा (दैनिक पत्रिका), अनलाइन र रेडियोमा पुगेर आचारसंहिता, प्रेस स्वतन्त्रता र श्रमजीवी पत्रकारका सवालबारे अनुगमन तथा छलफलका साथै तीन सय पत्रकारहरूलाई ११ प्रश्नसहित पत्रकार आचारसंहिताको पालना, प्रेस स्वतन्त्रताको अवस्था, श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका बारेमा गरिएको सर्वेक्षणका आधारमा निम्न सुझाव र निस्कर्ष निकालिएका छन् ।

क) प्रेस काउन्सिललाई सुझाव

- आगामी दिनमा पनि यस्तै प्रकृतिका कार्यक्रमलाई निरन्तरता दिनको लागि अन्य सरोकारवालासँग पनि सहकार्य र समन्वय गर्नुपर्ने ।
- काउन्सिलले निजी, सामुदायिक, सरकारी गरी सबै खालका सञ्चार माध्यममा अनुगमन गर्नुपर्ने ।
- व्यवस्थापन पक्ष र श्रमजीवी पत्रकारसँग छुट्टाछुट्टै छलफलको वातावरण बनाउनुपर्ने ।
- समाचार सङ्कलन, समाचार प्रस्तोता, क्यामरा पर्सन, समाचार डेस्क गरी सबै खालका श्रमजीवी पत्रकारलाई सहभागी गराउनुपर्ने ।
- काठमाडौँमा उपत्यकासँग उपत्यका बाहिर कार्यरत पत्रकार र त्यहाँ सञ्चालित सञ्चार माध्यममा समेत अनुगमन गर्नुपर्ने ।
- पत्रकारलाई आक्रमण, धम्की, कुटपिट हुँदा वा श्रमजीवी पत्रकार सेवाबाट हटाइँदा वा कुनै हिंसा भोग्नुपरेको जानकारी आउँदा तत्काल अनुगमन गरिनुपर्ने ।
- अन्य सुझवहरुमाथि प्रश्नावलीको सन्दर्भमा प्रश्न नं. ११ को उत्तरसँग उल्लेख भएका छन् ।

ख) पत्रकारिता/पत्रकारको विकासका लागि सुझाव

- सूचना तथा प्रसारण विभागले उपलब्ध गराउने पत्रकार परिचयपत्र पाउने पत्रकारको अधिकार हो । तर, प्रकाशक तथा सञ्चालकले तलब सुविधा नदिएबापत पत्रकारलाई कार्ड समेत नदिइ दण्डित हुनुपर्ने र प्रेस पास नपाउँदा सिंहदरबारसहितका सूचनाको पहुँचसम्म पनि पुग्नबाट वञ्चित हुनुपरेको छ । यसको अन्त्य हुनुपर्छ । पत्रकारलाई परिचय पत्र नदिएर होइन प्रकाशक सञ्चालकलाई कारबाहीको दायरमा ल्याउनुपर्छ ।
- कुनै पत्रकार पेसमा नै सक्रिय छ तर कुनै कारणले परिचयपत्र नवीकरण हुन सकेको छैन र निरन्तर काम गरिरहेको प्रमाण पेस गर्दछ भने उसले सुरुमै पाएको परिचयपत्रलाई निरन्तरता दिने व्यवस्था मिलाउनुपर्ने ।
- हरेक आर्थिक वर्षमा सूचना तथा प्रसारण विभागमा सबै सञ्चार गृहले आफ्ना कर्मचारी तथा पत्रकारको अद्यावधिक विवरण बुझाउने, त्यसका आधारमा सेवा सुविधामा बढोत्तरी भए नभएको र समयमा सेवा सुविधा दिए नदिएको मूल्याङ्कन गर्नुपर्ने ।
- हरेक आर्थिक वर्षमा सूचना तथा प्रसारण विभागमा बुझाइएको अद्यावधिक विवरणमा श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिक कार्यान्वयन नगर्ने आमसञ्चार माध्यमलाई सरकार विज्ञापन प्रकाशन तथा प्रसारणका साथै राज्यले दिने सबैखाले सेवा र सुविधा कटौती गर्नुपर्ने ।
- निरन्तर तीन महिनासम्म पत्रकारले पाउनुपर्ने सेवा सुविधा उपलब्ध नगराउने सञ्चार माध्यमलाई चौथो महिना सरकारी विज्ञापन प्रकाशन तथा प्रकाशनमा रोक लगाउने र यदि कुनै निकायले त्यस्ता सञ्चार माध्यममा विज्ञापन गरेमा व्यक्तिबाट नै रकम भराउने व्यवस्था गर्नुपर्ने ।
- त्यसपछि पनि सेवा सुविधा उपलब्ध नगराए छैटौँ महिनादेखि सरकारले दिने सम्पूर्ण सेवा सुविधा रोक्ने र दोस्रो चौमासिकसम्म पनि अवस्थामा सुधार नआए सञ्चारमाध्यम, सम्पादक तथा प्रकाशकसम्मलाई कालो सूचीमा राख्नुपर्ने ।
- पत्रिका मात्र होइन रेडियो, टेलिभिजन र अनलाइनको पनि वर्गीकरण गर्नुपर्ने ।
- पत्रकार आचारसंहिता पालनाका आधारमा मात्र नभएर श्रमजीवी पत्रकार ऐन र न्यूनतम पारिश्रमिक कार्यान्वयनका अवस्थाका आधारमा पत्रपत्रिका वर्गीकरणको नम्बर थप वा घटको व्यवस्था गर्नुपर्ने ।
- वर्गीकरण, नवीकरणका क्रममा सम्बन्धित सञ्चारगृहले लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्नुपर्ने र जो जहाँ नवीकरण वा वर्गीकरणका लागि जाने हुन् त्यो संस्थाले पनि लेखा परीक्षण प्रतिवेदन सार्वजनिक गर्ने प्रबन्ध गर्नुपर्ने ।
- न्यूनतम पारिश्रमिक मात्र होइन श्रमजीवी पत्रकार ऐनको कार्यान्वयनसहित आयकार तिर्ने सञ्चारगृहलाई सहुलियत कर्जासहितको प्रोत्साहनका कार्यक्रमहरू ल्याउनुपर्ने ।
- कुन पत्रिका कुन वर्गमा बस्ने भनेर स्वघोषणाको व्यवस्था गर्नुको साथै अहिले मापदण्ड पुनरावलोकन गर्नुपर्ने ।

- कोरोना भाइरसको सङ्कटसँगै विज्ञापन बजारमा आएको सङ्कुचनले श्रमजीवी पत्रकारलाई अतिरिक्त होइन समयमा सेवा सुविधा उपलब्ध गराउन नसकेको अधिकांश प्रकाशक तथा सञ्चालक र तिनका प्रतिनिधिहरूको एक प्रकारको स्वीकारोक्ति रहेको छ । यसबाट सञ्चार माध्यम, पत्रकार र पत्रकारितालाई जोगाउन सरकारले आवश्यक प्रबन्ध गर्नुपर्ने ।
- श्रमजीवी पत्रकार ऐन कि श्रम ऐन कार्यान्वयन गर्ने भन्नेमा पत्रकार र सरोकारवाला निकायहरु स्पस्ट हुनुपर्ने।
- सरकारी विज्ञापनबापत ठुलो रकम खर्च भए पनि सञ्चारगृहमा एक चौथाइमा पनि नपुग्ने अवस्था विद्यमान रहेको र त्यसको अन्त्य गरी सम्बन्धित सञ्चारमाध्यमले सम्पूर्ण रकम पाउने प्रबन्ध मिलाउनुपर्ने । त्यसो हुन सके अहिले देखिएको श्रम समस्याको एक हदसम्म न्यून हुनसक्ने छ।
- स्थानीय 'क' र राष्ट्रिय 'क'ले एकै प्रकारको विज्ञापन छाप्ने परिपाटीको अन्त्य हुनुपर्ने अर्थात् स्थानीय तहले निकाल्ने सूचना मेचीको महाकाली होइन तत् जिल्लाकै सञ्चार माध्यममा, प्रदेशका प्रादेशिक सञ्चारमाध्यम र राष्ट्रिय राष्ट्रियस्तरकै सञ्चारमाध्यममा सूचना प्रकाशनको प्रबन्ध गर्नुपर्ने ।
- व्यक्तिगत पहुँचका आधारमा होइन सञ्चारगृहको प्रभावका आधारमा समानुपातिक विज्ञापन प्रणालीको प्रबन्ध गर्नुपर्ने ।

ग) आमसञ्चारका माध्यमहरूलाई सुझाव

- श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्न
- नियुक्ती पत्र दिएर मात्र काममा लगाउन
- समयमा तलब सुविधा दिन
- तत्काल सामाजिक सुरक्षा कोषमा आवद्ध हुन
- कार्यस्थलको वातावरण सहज बनाउन
- पत्रकारले सूचना तथा प्रसारण विभागबाट पाउने प्रेस पास सहज पाउने वातावरण बनाउन
- वर्षमा कम्तीमा दुईवटा भएपनि पत्रकारको क्षमता अभिबृद्धिका तालिम सञ्चालन गर्न
- पत्रकार महासंघको सहमतिमा प्रेस काउन्सिल नेपालले जारी गरेको पत्रकार आचारसंहिता कार्यान्वयनमा जोड दिन
- आन्तरिक आचारसंहिता निर्माण गरी कार्यान्वन गर्न

२. निष्कर्ष

प्रेस काउन्सिल नेपाल पत्रकारिता क्षेत्र र पत्रकारको अभिभावकीय संस्था हो । काउन्सिलले नेपाली सञ्चार माध्यमलाई स्वच्छ, पारदर्शी, जवाफदेही, उत्तरदायी, श्रमजीवीमैत्री र अनुशासित बनाउनका लागि समय-समयमा सञ्चार माध्यमको अनुगमन गरिरहेको छ । पत्रकारसँग

छलफल/अन्तरक्रिया गर्ने, उनीहरूका समस्या/चुनौतीबारे बुझ्ने र सोहीअनुसार पत्रकारका हितमा निर्णय गर्नु काउन्सिलको कर्तव्य हो । योसँगै पत्रकार र सञ्चार माध्यमलाई समाजप्रति उत्तरदायी बन्न पनि काउन्सिलले घच्घच्याउँदै आइरहेको छ । यस हिसाबले पनि काउन्सिलले सञ्चार माध्यममा अनुगमन गरेर सञ्चार माध्यम र कार्यरत पत्रकारको अवस्था बारेमा जानकारी लिन जरुरी छ । काउन्सिलको काम, कर्तव्य र अधिकारमा पत्रकारितासम्बन्धी नीतिलाई समय-समयमा अवलोकन गरी सम्बन्धित क्षेत्रको राय सल्लाह लिई सरकारलाई सुझाव दिने रहेको छ । तर विडम्बनापूर्ण कुरा प्रेस काउन्सिल नेपालको ऐन, नीति तथा निर्देशिकाहरू समयसापेक्ष संशोधन हुन नसक्दा अनलाइन सञ्चार माध्यमलाई के कसरी अनुगमन गर्ने भन्नेमा अस्पष्ट अझै हट्न सकेको छैन । यसर्थ, प्रेस काउन्सिल नेपालले पत्रपत्रिका तथा सञ्चार माध्यमलाई अनुगमन गर्ने नीतिअनुरूप आफ्नो अनुगमन कार्यलाई निरन्तर रूपमा सुचारु गर्दै आइरहेको छ। प्रेस काउन्सिल नेपालले यस्ता अनुगमनका क्रममा प्राप्त जानकारी तथा विषयमा समेत सरकार र सरोकारवाला पक्षको ध्यानाकर्षण गर्ने गरेको छ । यसबाट निम्न कुरा देखिन्छ :-

- कोरोना कहरपछि अहिलेसम्म आइपुग्दा समाचारकक्ष करिब एक चौथाइमा खुम्चन पुगेको ।
- अपवाद बाहेक धेरै सञ्चारगृहमा कार्यरत र पत्रकारले नियमित तलब भत्ता नपाएको ।
- प्रेस स्वतन्त्रताको अवस्था राम्रो (सन्तोषजनक) रहेको ।
- पत्रकार आचारसंहिता कार्यान्वन राम्रो (सन्तोषजनक) रहेको ।
- श्रमजीवी पत्रकार ऐन कार्यान्वयन नभएको (अपवादबाहेक) ।
- सामाजिक सुरक्षा कोषमा पनि धेरै सञ्चारगृह जान बाँकी रहेको ।
- बीमासहितका सुविधा पनि नरहेको ।
- सूचना तथा प्रसारण विभागले उपलब्ध गराउने पत्रकार परिचयपत्र नपाएको ।
- विज्ञापनको कमीका कारण मिडियाको समग्र आम्दानीमा कमी आएकोले सञ्चारमाध्यम टिकाउन कठिन ।
- करीब २० प्रतिशतको हाराहारीमा पत्रकार महिना कार्यरत रहेको ।
- प्रविधिले ल्याएको अवसरसँगै पत्रकार र पत्रकारिता माथि नै सङ्कट आएको ।
- पत्रकार र सञ्चार माध्यम पूर्ण परिभाषा आवश्यक रहेको ।
- अहिलेको अवस्था विद्यमान रहे धेरै पत्रकार पलायन हुने अवस्था आउन सक्ने ।
- श्रमजीवी पत्रकार ऐन कार्यान्वयनका लागि विद्यमान व्यवस्थामा नै सुधार गर्नुपर्ने ।
- पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन, २०७६)लाई समेत समयानुकूल परिमार्जन एवं पुनः लेखन आवश्यक रहेको ।
- विज्ञापनको कमीका कारण मिडियाको समग्र आम्दानीमा कमी आएकोले सञ्चारमाध्यम टिकाउन कठिन ।
- सङ्घीयताके मर्मअनुसार स्पष्ट रुपमा काममा दोहोरेपना नआउने समन्वय र सहकार्य हुने गरी कानुनहरु बन्नुपर्ने ।

३. अनुगमनका सबल पक्ष

- सञ्चार माध्यमको खास अवस्था र कार्यरत पत्रकार सञ्चारकर्मी तथा अन्य कर्मचारीबारे वास्तविक जानकारी ।
- सञ्चार माध्यमका सञ्चालक र श्रमजीवी पत्रकारसँग प्रत्यक्ष छलफल ।
- सञ्चार माध्यमको भौतिक अवस्था, स्रोतसाधन एवं कार्य वातावरणलगायतका कुरा प्रत्यक्ष रूपमा अवलोकन ।
- व्यवस्थापन पक्ष र श्रमजीवी पत्रकार दुवैलाई एकै ठाउँमा बसी छलफल गर्न सकिएको ।
- सम्बन्धित सञ्चार माध्यमको शैली पुस्तिका, आचारसंहितालगायतका विषयमा समेत जानकारी भएको ।
- अनुगमन गरिएका अनलाइनका अवस्थाका आधारमा काठमाडौँ उपत्यकाका अनलाइनहरूको अवस्थाका विषयमा जानकारी ।

४. अनुगमनका दुर्बल पक्ष

- अनुगमनबाट हुने उपलब्धिमा आशङ्का
- कम समय र कम जनशक्तिमा मोटामोटी जानकारी मात्रै सङ्कलन
- व्यवस्थापन र श्रमजीवी एकै ठाउँमा हुँदा खुलेर विषयवस्तु राख्न असहज
- अनुगमनका लागि छुट्याइएको बजेट र अवधि कम भएको

७. अनुसूची

- उपसमिति
- प्रश्नावली
- तस्बिर

- **प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमिति**

१. श्री बालकृष्ण अधिकारी, सदस्य – प्रेस काउन्सिल नेपाल, संयोजक

२. श्री विजयराज अधिकारी, सदस्य – प्रेस काउन्सिल नेपाल, सदस्य

३. श्री शन्तराम बिडारी, सदस्य – प्रेस काउन्सिल नेपाल, सदस्य

४. श्री दीपक आचार्य प्रतिनिधि, नेपाल पत्रकार महासङ्घ, सदस्य

५. श्री झबिन्द्र भुसाल, मुख्य अधिकृत – प्रेस काउन्सिल नेपाल, सदस्य

६. श्री दीपक खनाल, वरिष्ठ प्रशासकीय अधिकृत– प्रेस काउन्सिल नेपाल, सदस्य

७. श्री सञ्चिता घिमिरे, शाखा प्रमुख - सचिव

- **<u>प्रश्नावली</u>**

प्रेस काउन्सिल नेपाल

प्रेस स्वतन्त्रता अनुगमन तथा श्रमजीवी पत्रकार हित उपसमिति

सञ्चार माध्यमहरूमा प्रेस स्वतन्त्रता, श्रमजीवी पत्रकार, पत्रकार आचारसंहिता र सञ्चार माध्यमको अवस्थाबारे यथार्थपरक जानकारी लिनका लागि यो प्रश्नावली तयार पारिएको
छ । यसमा सङ्कलित सामग्रीहरू सामूहिक रूपमा विश्लेषण गरी निष्कर्षमा पुगिने भएकाले यस प्रश्नावली भराइएको हो । यस क्रममा तपाईंको व्यक्तिगत धारणा, जानकारीको गोप्यता कायम राखिनेछ । सोधिएका प्रश्नहरूको जवाफ दिइ प्रेस काउन्सिल नेपालको यस अध्ययनमा सहयोग गरिदिनुहुन विनम्र अनुरोध गर्दछौँ ।

नाम,थर :	**ठेगाना** :
सम्पर्क नम्बर :	**इमेल** :
उमेर :	**लिङ्ग** :
आवद्ध सञ्चार माध्यम :	**सेवा अवधि** :

प्रश्नावली :

१) तपाईं कार्यरत सञ्चार माध्यममा प्रेस स्वतन्त्रताको अवस्था कस्तो छ ?

क) उत्तम ख) मध्यम ग) कमजोर

२) तपाईं कार्यरत सञ्चार माध्यममा श्रमजीवी पत्रकारको अवस्था कस्तो छ?

क) राम्रो ख) नराम्रो ग) अन्य

३) तपाईं कार्यरत सञ्चार माध्यमबाट समयमा तलब पाउनुभएको छ?

क) पाएका छौँ ख) आङ्शिक ग) छैन

४) तपाईंले कार्यरत सञ्चार माध्यमबाट नियुक्तिपत्र पाउनुभएको छ?

क) छ ख) छैन ग) अन्य

५) तपाईं कार्यरत सञ्चार माध्यममा पत्रकार आचारसंहिता पालनाको अवस्था कस्तो छ ?

क) पूर्णरूपमा पालना भएको ख) आङ्शिकरूपमा पालना भएको

ग) आचारसंहिताको हिसाबले कमजोर

६) तपाईं कार्यरत सञ्चार माध्यममा विगत र अहिले पत्रकार/सञ्चारकर्मी र अन्य कर्मचारीको सङ्ख्याको अवस्था के छ ?

क) १-१० ख) १०-३० ग) ३० भन्दामाथि (कति छ सङ्ख्या खुलाउने)

७) तपाईं कार्यरत सञ्चार माध्यमले संस्था टिकाइ राख्न वैकल्पिक योजना बनाएको छ ?

क) छ ख) छैन ग) अन्य

८) तपाईं कार्यरत सञ्चार माध्यममा स्वास्थ्य बिमा र सामाजिक सुरक्षा कार्यान्वयनको अवस्था के छ ?

क) दुवै छ ख) एउटा छ (खुलाउने) ग) दुवै छैन

९) तपाईं कार्यरत सञ्चार माधयमले पत्रकार आचारसंहितासहित क्षमता अभिवृद्धिका कार्यक्रम गर्ने गरेको छ ?

क) आचारसंहितासम्बन्धी तालिम छलफल छ/ छैन

ख) क्षमता वृद्धिका अन्य तालिम छ/ छैन

(छ भने के तालिम, वर्षमा प्रायः कतिवटा)

१०) तपाईं आफू कार्यरत सञ्चार माध्यमलाई नवीनतम के सुझाव दिन चाहनुहुन्छ ?

क) .....

११) प्रेस काउन्सिलप्रति तपाईंको के अपेक्षा छ ?

क) .....

- **तस्बिर** (विभिन्न सञ्चार माध्यममा भएका स्थलगत अध्ययन/अनुगमन)



रातोपाटी डटकम



नेपालखबर डटकम



नेपालप्रेस डटकम



अनलाइनखबर डटकम



सामुदायिक सूचना नेटवर्क (सिआइएन)



रेडियो मिर्मिरे

(F)



रेडियो थाहा सञ्चार/ थाहाखबर डटकम



अन्नपूर्णपोष्ट दैनिक



कारोबार दैनिक



मेट्रो एफएम



नागरिक दैनिक



उज्यालो ९० नेटवर्क



देशसञ्चार डटकम



बाह्रखरी डटकम



कान्तिपुर टेलिभिजन



न्युज२४ टेलिभिजन



एभिन्युज टेलिभिजन



एपीवान टेलिभिजन



हिमालय टेलिभिजन



इमेज टेलिभिजन



सार्वजनिक सेवा प्रसारण नेपाल (पिएसबिएन)



गोरखापत्र दैनिक





नेपाल पत्रकार महासंघ केन्द्रीय समिति र प्रदेश अध्यक्षहरुसँगको छलफल

(O)





नेपाल पत्रकार महासंघका पूर्व सभापति तथा अध्यक्ष र संघसंस्थाका प्रमुखसँगको छलफल



नेपाल पत्रकार महासंघका उपत्यका, प्रतिष्ठान र एसोसिएट प्रदेशका अध्यक्ष तथा शाखा अध्यक्षहरुसँग छलफल